Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- ३६, २०७७ साल जेठ २० गते मंगलबार (June 2, 2020) www.janaakash.com.np मुल्य रु १०।-



जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# नेपालमा अझै जातिय छुवाछुत कायमै

- छानबिन गर्न माग गर्दै गृहमन्त्रीसमक्ष ज्ञापनपत्र ।
- अपराधी उम्कन पाउँदैनन् : डिआइजी पन्त ।
- घाइतेहरुबाट उपचारको माग ।
- मृतकहरुलाई शहीद घोषणा गर्न माग ।

काठमाडौं । विभिन्न राजनीतिक दलका नेता र अधिकारकर्मीहरूले रुकुमपश्चिम चौरजहारी नगरपालिका( ८ मा भएको घटनाबारे सत्यतथ्य छानबिन गरी दोषीलाई हदैसम्मको कानूनी कारवाही गर्नुपर्ने माग गर्दै गृहमन्त्री रामबहादुर थापासमक्ष ज्ञापनपत्र बुझाएका छन् । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का स्थायी समिति सदस्य छविलाल विश्वकर्मा, पूर्वमन्त्री दलजीत श्रीपाइली र नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा संविधानसभाका सभासद् जीवन परियारलगायत नेता तथा अधिकारकर्मीले आज गृहमन्त्री थापासँग भेट गरी रुकुम घटनामा मृत्युवरण गरेका युवालाई सांस्कृतिक रुपान्तरण अभियानका शहीद घोषणा गर्नुपर्ने माग गरेका हुन् । यही जेठ १० गते रुकुमपश्चिम चौरजहारी नगरपालिका ८ सोती निवासी सुष्मा मल्लसँग नवराज विश्वकर्माको अन्तरजातीय प्रेम सम्बन्ध भएको र विवाहका लागि साथीहरू लिएर केटीको घरमा जाँदै गर्दा स्थानीयवासीले कुटपिट गरी हत्या गरिएको पीडित परिवारको भनाइ छ । मृतक नवराजको शव भेरी नदीमा भेटिएको थियो । नवराजसँगै केटीको घरमा गएका अन्य पाँचजनाको शव पनि भेरी नदीमा भेटिएको छ । सोही घटनामा अझै एकजना बेपत्ता छन् ।

निष्पक्ष रुपमा छानबिन गरी दोषीलाई हदैसम्मको कानूनी कारवाही गर्न माग दलित समुदायले देशैभरि प्रदर्शन गर्दै आएका छन् । सोही अवसरमा गृहमन्त्री थापाले दुःखद एवम् निन्दनीय रुकुम घटनाको सत्यतथ्य छानबिन गरी दोषी अपराधीलाई कडा दण्ड र सजाय गर्ने प्रतिबद्ध रहने विश्वास व्यक्त गर्नुभयो । कर्णाली प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक( डिआइजी) वसन्त पन्तले चौरजहारीको सोतीमा भएको घटनामा संलग्न जोसुकैलाई पनि कारवाहीको दायरामा ल्याइने बताउनुभयो । उहाँले शनिबार घटनास्थलको स्थलगत अवलोकन गरी पीडित परिवारसँग भेटघाट गर्नुभएको छ । पीडित परिवारले घटनाको निष्पक्ष छानबिन गरी अपराधमा संलग्नलाई हदैसम्मको कारवाही हुनुपर्ने माग गरेका छन् । छोरा गुमाउनुभएका बलबहादुर विकले घटनाको सत्यतथ्य छानबिन गरी न्याय दिलाउन र दोषी उम्किन नदिन आग्रह गर्नुभयो । डिआइजी पन्तले घटनाको निष्पक्ष छानबिन हुने बताउनुभयो । उहाँले भन्नुभयो, "तपाईंहरू ढुक्क हुनुहोस् । छानबिन निष्पक्ष हुन्छ । दोषी सजायको भागिदार हुन्छ । तपाईंहरूले न्याय पाउनुहुन्छ । मैले अनुसन्धानमा संलग्न मातहतका सबै प्रहरीलाई निर्देशन दिइसकेको छु ।" शनिबार नै हालसम्मको घटनाको प्रगति विवरण जाजरकोट प्रहरीले प्रहरी नायब महानिरीक्षक पन्तलाई बुझाएको छ । उहाँले घटनाको सत्यतत्य छानबिन गर्न निर्देशन दिँदै अपराधीलाई कुनै पनि हालतमा उम्कन नदिन प्रहरीले निष्पक्ष भएर काम गर्नुपर्ने बताउनुभयो । डिआइजी पन्तसँगै स्थलगत अवलोकन गर्न घटनास्थलमा जाजरकोट र रुकुमका प्रमुख जिल्ला अधिकारी तथा प्रहरी प्रमुखसहितको उपस्थिति थियो ।

# एकै दिन १६६ जना संक्रमित

काठमाडौं । कोभिड १९ को सङ्क्रमण एकै दिन १६६ जनामा देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले विभिन्न प्रयोगशालमा गरिएको परीक्षणमा १६६ जनामा सङ्क्रमण देखिएको बताए ।

ती सङ्क्रमित मध्ये पुरूष १६२ र महिला चारजना रहेका छन् । शनिवार १८९ र गत शुक्रबार १७० जनामा सङ्क्रमण देखिएको थियो । आज देखिएका सङ्क्रमितसँगै कूल एक हजार ५६७ जनामा सङ्क्रमण देखिएको छ । तीमध्ये पुरूष एक हजार ४५० र महिला ११७ जना रहेका छन । आज देखिएकामध्ये नयाँ जिल्ला तनहुँ, सल्यान, कालीकोट र बाजुरा रहेका छन् । नयाँ सङ्क्रमितमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको परीक्षणमा तनहुँका रिसिङका २८ वर्षीय र स्याङ्जा गल्याङका २७ वर्षीय र ४० वर्षीय पुरूष रहेका छन् । यस्तै नारायणी अस्पताल वीरगञ्जमा गरिएको परीक्षणमा पाँचजनामा सङ्क्रमण देखिएको छ । ती सबै पर्साका २२ देखि ३६ वर्षका पुरूष रहेका छन् । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान गरिएको परीक्षणमा ३७ जनामा सङ्क्रमण देखिएको छ । तीमध्ये कालीकोटका शुभकालीका १३ जना १९ देखि ५२ वर्षीय पुरूष, कालीकोटकै महैवका पाँचजना २० देखि ४२ वर्षीय पुरूष रहेका छन् । यस्तै दैलेख दुल्लुका एकजना ३५ वर्षीय पुरूष, दैलेख नारायणनगरपालिकाका नौजना १६ देखि ४८ वर्षीय पुरूष रहेका छन् । दैलेख चिम्दाका एकजना २६ वर्षीय पुरूष, दैलेख देवलका पाँचजना १८ देखि २२ वर्षीय पुरूष, दैलेख रातापानीका ३८ वर्षीयका एकजना पुरूष, दैलेख सादुका २२ वर्षीय पुरूष रहेका छन् । यस्तै बाजुरा जुजुनाथका ४० वर्षीयका पुरूषमा पनि सङ्क्रमण देखिएको छ । प्रादेशिक अस्पताल सुर्खेत र पशुपक्षी अन्वेषणको प्रयोगशालामा गरिएको परीक्षणमा २६ जनामा सङ्क्रमण देखिएको छ । तीमध्ये सल्यान कुपण्डेका २५ जना ११ देखि ६० वर्षका सबै पुरूष रहेका छन् । यस्तै सुर्खेत बराहतालका एकजना चार महिनाका बालिका रहेकी छन् । धुलिखेल अस्पतालमा गरिएको परीक्षणमा कपिलवस्तु शिवराजका एकजना ३२

बाँकी २ पृष्ठमा

## नयाँ बजेटले कोरोना प्रभावितलाई सम्बोधन गर्न नसकेको आरोप

# विनियोजन विधेयक २०७७ माथिको सैद्धान्तिक छलफल

काठमाडौं । प्रमुख विपक्षी दल नेपाली काँग्रेसले आगामी आवको बजेटले कोभिड-१९ को रोकथाम र त्यसबाट प्रभावित भएका नागरिकको जीवन रक्षामा ध्यान पुऱ्याउन नसकेको आरोप लगाएको छ । प्रतिनिधिसभाको बैठकमा अर्थमन्त्री डा युवराज खतिवडाद्वारा प्रस्तुत 'विनियोजन विधेयक २०७७' माथिको सैद्धान्तिक छलफलका क्रममा उक्त पार्टीका सांसदले बजेट प्रभावितलाई सम्बोधन गर्नाको साटो अन्यत्रै परिचालन गरिएको टिप्पणी गर्नुभयो । विनियोजन विधेयकमाथिको सैद्धान्तिक छलफलमा भाग लिँदै काँग्रेसका डा मीनेन्द्रप्रसाद रिजालले विधेयकमा छलफल गर्ने बेलामा कुन स्रोतबाट पैसा आउँछ भनेर संसदलाई स्पष्ट रुपमा जानकारी दिनुपर्ने माग गर्नुभयो । आर्थिक गतिविधि अघि बढाउन कहाँबाट कसरी रकम आउँछ भनेर स्पष्ट खुलाउनुपर्नेमा उहाँले जोड दिनुभयो । सोही पार्टीका उमा रेग्मीले राम्ररी कोरोनाको उपचार हुन नसकेको अवस्थामा काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भने झैं बजेट स्वास्थ्यभन्दा रक्षातिर केन्द्रित गरिएको भन्दै आपत्ति प्रकट गर्नुभयो । उहाँले रोजगारीबाट फर्किएका युवालाई आकर्षित गर्ने बजेट खै भन्ने प्रश्न गर्नुभयो । बजेट महिलामैत्री समेत नभएको उहाँको भनाइ थियो ।

अर्का सदस्य देवेन्द्रराज कँडेलले सरकारको नीतिले विद्युतीय र अटो व्यवसायीलाई धराशायी बनाएको आरोप लगाउनुभयो ।सांसद दिलेन्द्रप्रसाद बडुले बजेटको प्राथमिकता भनेकै कोरोना महामारी नियन्त्रण र प्रभावित जनताको जीवन रक्षा हुनुपर्नेमा सरकारको ध्यान त्यसतर्फ जान नसकेको आरोप लगाउनुभयो ।

सांसद डिला सङ्ग्रौलाले विनियोजित विधेयक कार्यकर्तामुखी भएको आरोप लगाउनुभयो । अपारदर्शी र परम्परागत रुपमा आएको विधेयक कोरोना रोक्ने विषयमा केन्द्रित नभएको उहाँले बताउनुभयो । सांसद उमाकान्त चौधरीले स्वास्थ्य क्षेत्रमा भएका चुनौती नियन्त्रण गर्नु नै आजको आवश्यकता भएको उल्लेख गर्नुभयो । नेपाल मजदूर किसान पार्टीका प्रेम सुवालले कोभिड-१९ रोकथाम र प्रभावित जनताको व्यवस्थापनमा बजेटले ध्यान दिनुपर्छ भन्नुभयो । सीमा सुरक्षा र नियमनको व्यवस्था गर्नेमा पनि बजेटले ध्यान नदिएको उहाँले बताउनुभयो । छलफलमा पार्वता डिसी चौधरी, लक्ष्मी परियार, सुजाता परियार, दिव्यमणि राजभण्डारी, राजेन्द्रकुमार केसी, प्रमोद साह, सञ्यजकुमार गौतम, प्रमिला राईलगायतले बोल्नुभएको थियो । सत्ता पक्ष नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का कृष्णभक्त पोखरेलले सीमा रक्षा र कोरोना नियन्त्रणमा सरकार लागिपरेको बताउँदै विरोधका लागि विरोध नगर्न प्रतिपक्षीलाई आग्रह गर्नुभयो । यसअघि अर्थमन्त्री डा युवराज खतिवडाले 'विनियोजन विधेयक २०७७' प्रस्तुत गर्दै मुख्यतः सङ्घीय कोषमाथि व्ययभार

बाँकी २ पृष्ठमा

# परीक्षणबिनै झुलाघाट नाकाबाट एक हजार भित्रिए

बैतडी । नेपाल-भारत सीमा झुलाघाटबाट तीन दिनमा एक हजार ४८ जना स्वदेश भित्रिएका छन् । लगातार शनिबार तेस्रो दिन पनि नेपाली मजदुरको उद्धार गरिएको हो । बिहीबारदेखि शुरू गरिएको उद्धारमा शनिबार १८९ नेपाली स्वदेश भित्रिएको बैतडीका प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले जानकारी दिनुभयो । यस्तै तीन भारतीय पनि भारत गएका उहाँले बताउनुभयो । यसअघि शुक्रबार २८३ मजदुरलाई स्वदेश भित्र्याइएको थियो भने नौ भारतीय नागरिकलाई भारत पठाइएको थियो । बिहीबार पनि उक्त नाकाबाट ५७६ मजदुरलाई स्वदेश भित्र्याइएको थियो । स्वदेश भित्र्याइएका नागरिकहरु सुदूरपश्चिम र कर्णाली प्रदेशका छन् । स्वदेश फर्केका नागरिकलाई सम्बन्धित जिल्लामा पठाइएको र बैतडीको हकमा सम्बन्धित स्थानीय तहमा पठाइएको छ । उनीहरूलाई अनिवार्य १४ दिन क्वारेन्टिनमा राखिने र त्यसपछि मात्रै कोरोना परीक्षण गरिने सहायक

प्रमुख जिल्ला अधिकारी लोकेन्द्रसिंह नेगीले जानकारी दिनुभयो । झुलाघाट नाकाबाट स्वदेश भित्र्याउँदा सामान्य ज्वरो जाँच मात्रै गरी भित्र्याइएको छ । भारतका विभिन्न शहरबाट नेपाल प्रवेश गरेका उनीहरूलाई परीक्षणबिनै भित्र्याउँदा सङ्क्रमणको जोखिम बढेको छ ।

बैतडीमा भारतबाट फर्केका नागरिकको कोरोना परीक्षणका लागि आरडिटी किट अभाव भएको छ । क्वारेन्टिनमा चार हजार ६०० भन्दा बढी नागरिक बसे पनि जिल्लामा ८०० मात्रै आरडिटी किट मौज्दात रहेको स्वास्थ्य कार्यालयका कोभिड-१९ सम्पर्क व्यक्ति भुवनप्रसाद जोशीले बताउनुभयो । सबै पालिकामा पठाएको समेत गनेर अहिले ८०० किट मात्रै मौज्दात रहेको उहाँले बताउनुभयो । क्वारेन्टिनमा अहिले बसिरहेका नागरिक भारतका बढी कोरोना प्रभावित क्षेत्रबाट फर्केका भए पनि कोरोना परीक्षण नहुँदा जोखिम बढ्दै गएको स्वास्थ्यकर्मीले बताएका छन् । क्वारेन्टिनमा बसेकाहरूको आरडिटी मात्रै नभएर पिसीआर परीक्षण गर्नु उपयुक्त हुने मेलौली नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख नारायण चन्दले बताउनुभयो । जिल्लामा भारतबाट फर्कने

बाँकी २ पृष्ठमा




'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# कोरोनालाई परास्त गर्न आवश्यक

कोरोना विरुद्धको संघर्षमा तयारीका लागि पर्याप्त समय पाएर पनि ब्यवस्थित गर्न सरकारले नसकेको टिप्पणी गर्दै काँग्रेसले पिसिआर विधिबाट परीक्षणलाई ब्यापक बढाउन, स्वास्थ सामग्री पर्याप्त प्रबन्ध गर्न, क्वारेन्टाइनलाई मापदण्डानुरुपको बनाउन, आइसोलेशन वार्डको संख्या ब्यापक वृद्धि गर्न र अत्यावश्यक भेन्टिलेटरको पर्याप्त जोहो गर्दै युद्धस्तरमा कार्य गर्न सरकारसँग माग गरेको छ ।

यसैगरी राहत, क्वारेन्टाइन, उपचारलगायत कार्यमा नेतृत्व गर्नुपर्ने स्थानीय तहलाई लकडाउन भएको दुई महिना पुग्दासम्म पनि आवश्यक रकम नपठाउनु केन्द्र सरकारको गैह्रजिम्मेवारपूर्ण ब्यवहार भएको आरोप लगाउँदै बैठकले तत्काल रकम निकासा गर्न संघीय सरकारमक्ष माग गरेको उहाँले बताउनुभयो । श्रमिक, बेरोजगार, विद्यार्थी, अपांगता, एकल महिलालगायतलाई राहत विशेष ब्यवस्था गर्न र लकडाउनले प्रभावित सञ्चारगृह तथा रोजगारी गुमाएका श्रमजीवी पत्रकारलाई राहत प्रबन्ध गर्न बैठकले माग गरेको छ ।

कोरोनाको कहरमा परेका विदेशमा बस्ने नेपालीलाई यथाशीघ्र प्राथमिकताका आधारमा उद्धार शुरु गर्न बैठकले सरकारसमक्ष माग गरेको छ । यसै गरी बैठकले रूकुमको चौरजहारीमा भएको हत्याकाण्डको निष्पक्ष अनुसन्धानका लागि सर्वदलीय संसदीय समिति गठन गरी दोषीलाई कार्वाही गर्न माग गरेको मुख्य सचिव पौडेलले बताउनुभयो । साथै गत वैशाख १८ गते रोल्पाको त्रिवेणी गाविसमा बेवारिसे बमको बिस्फोटबाट चार बालबालिकाको निधन भएको घटनाबारे हालसम्म अनुसन्धान र दोषीको पहिचान नगरिएको भन्दै बैठकले तत्काल अनुसन्धान गर्न र दोषीलाई कारवाही गर्न माग गरेको छ । आर्थिक वर्ष २०७७/७८ का लागि प्रस्तुत बजेटले वर्तमान सरकारको प्रचारमुखी चरित्रलाई प्रतिविम्बन गरेको टिप्पणी गर्दै बैठकले कोरोना संक्रमणसँग जुध्न इच्छाशक्ति, कार्ययोजना र बजेट त्यही रूपमा प्रष्ट नदेखिएको निष्कर्ष निकालेको छ । बजेट अत्यधिक रूपमा सार्वजनिक ऋणमा निर्भर रही राष्ट्रिय ऋण निकै बढाउन अग्रसर देखिएको काँग्रेसको भनाइ छ । यसैगरी सार्वजनिक खर्चको प्रकृति हेर्दा पूँजीगत खर्च कूल गार्हस्थ उत्पादनको अनुपातमा अझ घटेको र चालु खर्चको अनुपात बढेको काँग्रेसले जनाएको छ ।

बैठकले कोरोनाबाट यसबीचमा नेपाल र विदेशमा जीवन गुमाउने सबै नेपालीको आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा समवेदनाका साथ उपचाररत सबैको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । सभापति शेरबहादुर देउवाको अध्यक्षतामा बसेको बैठकमा महामन्त्री पूर्णबहादुर खड्काले प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापतिद्वय विमलेन्द्र निधि र विजयकुमार गच्छदार, महामन्त्री डा शशांक कोइराला, कोषाध्यक्ष सीतादेवी यादव, सहमहामन्त्री डा. प्रकाशशरण महतलगायत केन्द्रीय सदस्य र आमन्त्रित केन्द्रीय सदस्यले आफनो धारणा ब्यक्त गर्नुभएको थियो ।

# दिनहुँ हजारौं भित्रिन्छन्, स्वास्थ्य परीक्षण न्यून

वासुदेव पौडेल

भीमदत्तनगर । कोभिड १९ को महामारीको नियन्त्रण र रोकथामका लागि नेपाल र भारतमा जारी बन्दाबन्दीबाट रोकिएका नेपाली नागरिक पछिल्ला केही दिनयता स्वदेश फर्किन थालेका छन् । भारतमा रेल सेवा शुरु भई नेपालको सीमा क्षेत्रका नगरमा बन्दाबन्दी खुकुलो भएपछि नेपालीहरुले स्वदेश फर्किने अवसर पाएका छन् । तर यो आगमन उनीहरुका लागि अवसरभन्दा पनि कष्टप्रद बन्दै गएको छ । एकैपटक ठूलो सङ्ख्यामा उनीहरु फर्किन थालेपछि सुदूरपश्चिम क्षेत्रका जिल्लामा उनीहरुको स्वास्थ्य परीक्षणदेखि क्वारेन्टिन बसाइको व्यवस्थापनमा समस्या थपिँदै गएको छ । अर्कातर्फ भारतबाट फर्किएका सुदूरपश्चिमेली नागरिकको कोरोना भइरसको परीक्षणमा ढिलाइ हुँदा सङ्क्रमणको जोखिम प्रतिदिन झनै बढ्दै गएको छ । स्वदेश फर्किएका नागरिकलाई सङ्क्रमण नियन्त्रणका लागि वडास्तरमै क्वारेन्टिन सञ्चालनमा ल्याइए पनि स्वास्थ्य परीक्षणमा भने ठोस पहल भएको छैन ।

लकडाउनका कारण चैत तेस्रो सातादेखि वैशाखसम्म सीमा क्षेत्रमा सुरक्षा सतर्कता बढाउँदा भारतबाट फर्किनेको सङ्ख्यामा कमी आए पनि पछिल्लो समय दशगजा क्षेत्रमै आएर नागरिक अलपत्र पर्न थालेपछि स्थानीय प्रशासनले कैलाली र कञ्चनपुरका नाकाबाट आवागमनमा सहज गरेको हो । सीमा क्षेत्रबाट सम्बन्धित पालिकासम्म पुग्ने क्रममा लगत सङ्कलनदेखि उनीहरुलाई यातायात लगायतको सुविधा प्रदान गरिए पनि कोरोना परीक्षण अझै प्राथमिकतामा परेको छैन । जेठमा मात्रै कञ्चनपुरको गड्डाचौकी र कैलालीको गौरीफण्टा नाकाबाट झण्डै ४५ हजार नागरिक भारतका विभिन्न स्थानबाट स्वदेश फर्किएका छन् । एकैपटक ठूलो सङ्ख्यामा नागरिक भित्रिन थालेपछि स्वदेश आगमनदेखि स्वास्थ्य परीक्षण र क्वारेन्टिनको बसाइ प्रतिदिन कठिन बन्दै गएको हो । सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार शनिबारसम्म यहाँ ३६ हजार ९९३ जना नागरिकलाई नौवटै जिल्लाका क्वारेन्टिनमा राखिएको छ । भारतबाट दैनिक हजारौंको सङ्ख्यामा यहाँका नाकाबाट स्वदेश फर्किरहेका छन् । सुदूरपश्चिममा धनगढीमा मात्र पिसिआर विधिबाट कोरोना जाँच गर्ने एउटामात्रै प्रयोगशाला सञ्चालनमा रहेको छ । नागरिक आगमनको बेगलाई हेर्दा यो प्रयोगशाला यहाँका लागि अपुग छ । "अन्य प्रदेशमा धमाधम पिसिआर मेसिन जडान गरेर जाँचको दायरा बढाउँदै लगिएको छ", प्रदेश स्वास्थ्य निर्देशनालय स्रोतले भन्यो, "एउटा प्रयोगशालाले हजारौंको सङ्ख्यामा क्वारेन्टिनमा रहेका नागरिकको मात्रै जाँच गर्न कति दिन लाग्ला आफैं अनुमान गर्नुस् ।" सुदूरपश्चिम प्रदेश सरकारले बैतडी र डोटीमा पिसिआर मेसिन जडान गरेर जाँचलाई गति दिन भने पनि त्यो अझै हुन सकिरहेको छैन । भारतबाट खुल्ला सीमानाकाका कारण लुकीछिपी आउँदा सङ्क्रमण फैलिने भन्दै कञ्चनपुर स्थानीय प्रशासनले एक सातायता गड्डाचौकीबाट नेपालीलाई स्वदेश फर्किन दिएको छ ।

कञ्चनपुरका सहायक प्रमुख जिल्ला अधिकारी गोकर्णप्रसाद उपाध्यायले आइतबारसम्म गड्डाचौकी नाकाबाट मात्र १६ हजार ८९२ नागरिक भारतका विभिन्न स्थानबाट स्वदेश फर्किएका छन् । "फर्किनेमध्ये अधिकांश सुदूरपश्चिम, कर्णाली प्रदेश र प्रदेश नं ५ का पनि छन् ।" सहायक प्रजिअ उपाध्यायले सीमा नाकामा तापक्रम मापन गर्नाका साथै लगत राखेर सम्बन्धित पालिका पठाउने काम भइरहेको जानकारी दिनुभयो ।

सुदूरपश्चिममा भारतबाट मजदुरी गरेर फर्किने क्रम बढेसँगै यहाँका ८८ वटै स्थानीय तहले क्वारेन्टिन सञ्चालनमा ल्याए पनि व्यवस्थापन भने उचितरुपमा हुन नसकेको गुनासोसमेत आइरहेको छ । सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा गुणराज अवस्थीले सेती प्रादेशिक अस्पताल, डोटी र बैतडीबाट पनि पिसिआर विधिबाट कोरोना जाँचका लागि प्रक्रिया अघि बढेको बताउनुभयो । "तीनवटै ठाउँमा प्रयोगशालामा चाहिने स्वास्थ्य सामग्री खरिदको प्रक्रिया अघि बढिसकेको छ", निर्देशक डा अवस्थीले भन्नुभयो, "प्रयोगशालाका लागि भौतिक पूर्वाधार नहुँदा पनि केही समस्या भएको छ ।" उहाँले प्रयोगशालाका लागि भौतिक पूर्वाधार, स्वास्थ्य सामग्री खरिद प्रक्रियाको समस्या र जनशक्तिलगायतका कारणले सुदूरपश्चिममा परीक्षण न्यून भइरहेको बताउनुभयो । "यो स्तरको प्रयोगशालाका लागि यहाँ हामीसँग भौतिक संरचना नै छैन", अवस्थीले भन्नुभयो, "प्रदेश सरकारले पनि चासोका साथ कोरोना नियन्त्रणमा सक्रियता देखाएको छ ।" त्यसैगरी यहाँका ८८ वटै स्थानीय तहमा रहेका स्वास्थ्य चौकीमा कम्तीमा पाँच शय्याको आइसोलेशन वार्ड बनाउन प्रदेश स्वास्थ्य निर्देशनालयले स्थानीय तहलाई पत्राचारसमेत गरेको छ ।

उता कैलालीको त्रिनगर नाकामा दुई सातामा ३७ हजार ६०० भन्दा बढी नागरिक भारतबाट यहाँ भित्रिएका छन । प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार शनिबारमात्रै आरडिटी विधिबाट कोरोना जाँचका लागि २४ हजार किट सुदूरपश्चिम आइपुगेको छ । "अहिले हामीले पिसिआर विधिबाट ८०० जनाको मात्रै कोरोना जाँच गर्न सक्छौं ।" निर्देशक अवस्थीले भन्नुभयो, "प्रयोगशालाका लागि दक्ष जनशक्ति पनि हामीसँग नभएको अवस्था हो ।" उहाँले पिसिआर जाँचका लागि स्वाब सङ्कलन गर्न चाहिने 'भिटिए' यहाँका नौवटा जिल्लामा १९२ का दरले वितरण गरिएको बताउनुभयो । सुदूरपश्चिममा हालसम्म पाँच हजार ५३६ जनाको मात्रै पिसिआर विधिबाट कोरोना जाँच गरिएको छ । यसमध्ये २१ जनामा कोरोना पोजेटिभ देखिएको छ । पाँचजना निको भएर घर फर्किसकेका छन् भने ५४५ जनाको रिपोर्ट आउन बाँकी रहेको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ । यस प्रदेशभरमा २१ हजार ८२० जनाको आरडिटी गरिएको छ । आरडिटी पोजेटिभ देखिएका १०० जनाको यहाँका प्रादेशिक तथा जिल्ला अस्पतालमा रहेका आइसोलेशन वार्डमा उपचार भइरहेको छ । उनीहरुको १४ दिन क्वारेन्टिन बसेपछि फेरि परीक्षण गर्नुपर्ने हुन्छ । यहाँ भारतबाट आउनेको सङ्ख्यासँगै सङ्क्रमितको सङ्ख्या पनि बढ्दै छ । चार हजार आरडिटी यहाँ आयो । पिसिआर किट पनि दुई हजार १५० किट आयो । यो कम भएकाले थप आउने भनेको बताइएको छ ।

प्रदेशको सामाजिक विकास मन्त्रालयका स्वास्थ्य महाशाखा प्रमुख नरेन्द्र कार्कीले भारतबाट फर्किएकाको व्यवस्थापनको जिम्मा स्थानीय प्रशासनको भएको बताउनुभयो । भारतबाट फर्किएकामध्ये सयौंको सङ्ख्यामा नागरिक क्वारेन्टिनमा नगएर घर गएको देखिन्छ । "सिमानामा सामान्य तापक्रमका भरमा नागरिकलाई भित्र्याउँदा कोरोनाको जोखिम यहाँ धेरै बढेको देखिएको छ", गड्डाचौकीका धीरेन्द्र चन्दले भन्नुभयो, "भारतमा सङ्क्रमण कम फैलिएका बेला नै नेपालीलाई आउन दिएको भए सम्वतः कोरोना आउने थिएन ।" उहाँले सुदूरपश्चिममा देखिएका कोरोना सङ्क्रमित अधिकांश भारतबाट आएको देखिएको बताउनुभयो ।

सुदूरपश्चिमका नौवटै जिल्लाका विभिन्न स्थानमा एक हजार ११९ स्थानमा स्थानीय तहले क्वारेन्टिन बनाएका छन् । प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार सुदूरपश्चिमको पहाडी जिल्ला अछाममा महिला तथा पुरुष गरी दुई हजार ९२० जना क्वारेन्टिनमा बसेका छन् । त्यसैगरी बैतडीमा चार हजार ५२६, बझाङमा एक हजार ८७२, बजुरामा एक हजार ९३९ जना, डडेल्धुरामा तीन हजार ४४७ जना क्वारेन्टिनमा रहेका छन् । यहाँको दार्चुलामा ८४४, डोटीमा ६ हजार ३२०, कैलालीमा नौ हजार ४३३ र कञ्चनपुरमा पाँच हजार ५९२ जना क्वारेन्टाइनमा बसिरहेका छन् । त्यसैगरी प्रदेश सरकारको लगानीमा कैलालीमा ५० शय्याको कोरोना अस्पताल तयार भइसकेको छ भने कञ्चनपुरमा सोहीस्तरको अस्पताल निर्माणको अन्तिम चरणमा रहेको छ ।

भारतका विभिन्न स्थान र नेपाल- भारत दशगजा क्षेत्रमा अलपत्र परेर स्वदेश फर्किरहेका नागरिकलाई विगत एक सातायता कञ्चनपुरको गड्डाचौकी र कैलालीको त्रिनगर भन्सार नाकामा पानी र खाना खुवाउने क्रम चलिरहेको छ । कञ्चनपुरका युवा व्यवसायी दिनेश मल्लको नेतृत्वमा यहाँको नाकाबाट आउने नागरिकलाई खाना र पानीको प्यास मेटाउन यहाँका उद्योगी, व्यवसायी, व्यापारीलगायत युवा पुस्ता अग्रसर रहेका छन् । "आइतबारसम्म हामीले नेपाल आइरहेका र भारत गइरहेका भारतीय नागरिकलाई समेत गरेर १५ हजार बढीलाई खाना र पानीको प्रबन्ध गरेका छौं", व्यवसायी मल्लले भन्नुभयो, "हाम्रो टिममा सहयोगी हातहरु बढ्ने क्रम पनि चलिरहेको छ ।" उक्त अभियानमा कञ्चनपुर उद्योग वाणिज्य सङ्घ, महाकाली यातायात समिति, होटल व्यवसायी सङ्घ, औषधि व्यवसायी सङ्घ, नेपाल रेडक्रस सोसाइटी महेन्द्रनगर शाखा, मदिरा व्यवसायी सङ्घ, कञ्चन समाज र यहाँका विभिन्न व्यापारी र व्यवसायीले सहयोग गरिरहेका छन् ।"हामीले त यो महामारीको बेला भोक र प्यास मेटाउने प्रयास गरेको थालेका हौं", उहाँले भन्नुभयो, "परोपकारी मनहरुबाट साथ र ढाडस मिलेको छ ।" उहाँले भारतबाट स्थानीय प्रशासनले नेपाली आउन दिँदासम्म अभियान सञ्चालन गरिरहने बताउनुभयो । स्थानीय प्रशासन सँगको समन्वयमा यो काम गरेको मल्लले बताउनुभयो । खाना व्यवस्थापनमा नेपाली सेनाको प्रत्यक्ष सहयोग रहेको उहाँले जानकारी दिनुभयो । त्यसैगरी कैलालीको त्रिनगर भन्सार नाकामै पुगेर खाना र पानी वितरण गरिरहेका सुदूरपश्चिम फाउण्डेशनका अध्यक्ष भरत शाहले आठ दिनमा नौ हजारलाई खाना र पानी, बिस्कुटका साथै सेनिटाइजर र मास्क वितरण गरिएको बताउनुभयो । "हामीलाई प्रदेश सरकारले पनि यो अभियानमा सहयोग गर्छु भनेको छ", अध्यक्ष शाहले भन्नुभयो, "खाद्य सामग्री पनि सरकारबाट उपलब्ध गराएको छ ।"

### एकै......

वर्षीय पुरूष रहेका छन् । यस्तै भेरी प्रादेशिक अस्पतालमा गरिएको परीक्षणमा आठजना पुरूषमा सङ्क्रमण देखिएको छ । ती नरैनापुरका दुईजना २१ र २५ वर्षीय पुरूष, खजुराका ३० वर्षीय पुरूष र नेपालगञ्जका चारजना १६ देखि ४२ वर्षका पुरूष र बैजनाथ गाउँपालिकाका एकजना ३५ वर्षीय पुरूष रहेका छन् । यस्तै बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको परीक्षणमा १२ जनामा सङ्क्रमण देखिएको छ ।

ती सबै सप्तरी राजगढका १७ देखि ४५ वर्षका पुरूष रहेका छन् । सेती प्रादेशिक अस्पतालमा रहेको प्रयोगशालामा गरिएको परीक्षणमा पाँचजनामा सङ्क्रमण देखिएको छ । ती कैलाली भजनीका २३ वर्षीय पुरूष, जानकी गाउँपालिकाका ३४ वर्षीय पुरूष, धनगढी त्रिनगरका एकजना ४७ वर्षीय पुरूष र बाजुराका दुई वर्षीय बालिका र २३ वर्षीय महिला रहेका छन् । कोशी अस्पताल विराटनगरमा गरिएको परीक्षणमा पाँचजनामा सङ्क्रमण देखिएको छ ।

ती सबै झापा गौरीगञ्जका चारजना २३ देखि ३९ वर्षका पुरूष र मोरङ विराटनगरका ४५ वर्षीया महिला रहेका छन् । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा गरिएको परीक्षणमा ६४ जनामा सङ्क्रमण देखिएको छ । ती धनुषाका २१ जना १९ देखि ४६ वर्षका पुरूष रहेका छन् । कपिलवस्तु महाराजगञ्जका चारजना २५ देखि ४१ वर्षका पुरूष रहेका छन् । यसैगरी रौतहटका २९ जनामा सङ्क्रमण देखिएको छ । सङ्क्रमति चार र नौ वर्षका बालकदेखि ५२ वर्षका पुरूष रहेका छन् । सर्लाहीका १० जनामा सङ्क्रमण देखिएको छ ।

ती एक वर्षका बालकसहित १५ देखि ५० वर्षका पुरूष रहेका छन् । सङ्क्रमितहरु प्रदेश नं १ का नौ जिल्लाका १६५, प्रदेश नं २ का सबै आठ जिल्लाका ६२४, वाग्मती प्रदेशमा १२ जिल्लाका ४५, गण्डकी प्रदेशमा ६ जिल्लाका २३, प्रदेश नं ५ का नौ जिल्लाका ५६०, कर्णाली प्रदेशमा पाँच जिल्लाका १२३ र सुदूरपश्चिम प्रदेशमा आज जिल्लाका २७ जना रहेका छन् । कोभिड १९ को सङ्क्रमितबाट पूर्णरूपमा निको हुनेको सङ्ख्या २२० पुगेको छ । तीमध्ये १७२ पुरुष र ४८ जना महिला रहेका छन । कोभिड १९ बाट आज थप दुईजनाको मृत्यु भएको पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले दैलेख र बाजुरामा एक एकजनाको मृत्यु भएको जानकारी दिनुभयो । योसँगै कोभिड १९ को कारणले मृत्यु हुनेको सङ्ख्या आठ पुगेको छ ।

दैलेखका दुल्लू नगरपालिका ११ का ३५ वर्षीय पुरुष स्थानीय विद्युत् प्राधिकरणको क्यारेन्टिनमा बसेको मृत्यु भएको थियो । उनको स्वाब सङ्कलन गरेर रिपोर्टमा सङ्क्रमण देखिएको प्रवक्ता डा देवकोटाले जानकारी दिनुभयो । उनको निधन भएको थियो । यस्तै बाजुरा जिल्लामा पनि मृत्यु भएकी दुई वर्षीय बालिका पनि सङ्क्रमण भएको पुष्टि भएको छ ।

### नयाँ...

हुने गरी सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिइएको बताउनुभयो । उहाँले विधेयकमा निकायगत खर्चको किटानसमेत भएको जानकारी दिनुभयो । विधेयकमा सशर्त अनुदानवापत हस्तान्तरण भएको रकम जुन क्षेत्रका लागि योजना वा कार्यक्रममा प्राप्त भएको हो, सोही क्षेत्रमा खर्च गर्ने गरी कार्ययोजना बनाएर हरेक आर्थिक वर्षको साउन मसान्तभित्र पेश गर्ने व्यवस्था गरिएको छ ।

यस्तै विधेयकमा खर्चको विवरण मङ्सिर १५, चैत १५ र असार २५ भित्र बुझाएमा पहिला हस्तान्तरण भएका रकम समायोजन गरी बाँकी रहेको शोधभर्ना निकासा दिने व्यवस्था पनि गरिएको छ । वित्तीय सामान्यीकरण अनुदानवापतको खर्च भएको रकमको विवरण प्रदेश र स्थानीय तहले हरेक आर्थिक वर्षको कात्तिक १, माघ १ र वैशाख १ तथा वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन मसान्तभित्र पेश गर्नुपर्ने व्यवस्था विधेयकमा छ ।

### परिक्षण....

नागरिकको सङ्ख्या बढ्दै गएपछि कोरोना परीक्षणका लागि आरडिटी किट अभाव भएको स्वास्थ्य कार्यालयका प्रमुख योगेशप्रसाद भट्टले बताउनुभयो ।

# स्वाभिमानी नेपालीलाई मिचाहा प्रवृत्ति सह्य हुँदैन



## डा मीनेन्द्र रिजाल
## नेता, नेपाली कांग्रेस

नेपाली काँग्रेसका नेता डा मीनेन्द्र रिजाल यस पटक निकै चर्चामा हुनुहुन्छ । प्रमुख प्रतिपक्षको भूमिका अपेक्षित रूपमा प्रभावकारी नदेखिएको टिप्पणी भइरहेका बेला उहाँले भारतसँगको सम्बन्धलाई लिएर कांग्रेसलाई मात्र होइन अन्य दल र सर्वसाधारण नेपाली जनतालाई समेत तरंगित तुल्याउनु भएको छ । डा रिजाल अतिक्रमित भूभाग फिर्ता लिने सम्बन्धमा नेपाली जनताले देखाएको अभूतपूर्व एकता प्रदर्शनीबाट सन्देश लिन भारतीय नेतृत्व तहलाई सुझाव दिनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'भारतले फेरि एकपटक नेपालको चित्त दुखाएको छ ।'

नेपालले गम्भीर र सहिष्णु भएर आफ्ना प्रमाणहरु अघि राख्दै लगातार २३ वर्षदेखि उठाएका विषयलाई बेवास्ता गरेकै कारण नेपालीको मन निकै दुखेको बताउँदै डा रिजालले स्वाभिमानी नेपालीलाई सीमित भारतीयले देखाउने सामन्तवादी व्यवहार सह्य नहुने बताउनुभयो । यही विषयमा केन्द्रित रहेर नारायण न्यौपाने र भीष्मराज ओझाले उहाँसँग गरेको कुराकानीको सक्षिप्त अंश :

**छिमेकी मुलुक भारतसँग बेलाबेलामा नेपालको सीमा विवाद उठ्ने गरेको छ, यसलाई कसरी लिनुभएको छ ?**

प्रजातन्त्रको पुनःस्थापनापछि खासगरी २०५७ सालदेखि कालापानी, लिम्पियाधुरालगायत सीमाको विषय गम्भीर रूपले उठ्दै आएको छ । त्यसबेला गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुनुहुन्थ्यो । त्यसै बेला नेपाल र भारतले सीमाको विषय टुङ्ग्याउन बाँकी भनी स्वीकार गरेका हुन् । त्यसभन्दा अघि २०५४ सालमा भारतीय प्रधानमन्त्री इन्दरकुमार गुजरालको नेपाल भ्रमणको बेला सुल्झाउन बाँकी सीमा मुद्दालाई थाती मुद्दाका रूपमा स्वीकार गरिएको थियो । पछिल्लो समय भारतले नक्सा जारी गरिसकेपछि नेपालले यसको प्रतिरोध गऱ्यो । भारतले दुवै देश कोभिड १९ को संक्रमणबाट मुक्त भएपछि कूटनीतिक माध्यमबाट समस्या समाधान गर्न सकिन्छ भनी स्वीकार पत्र पठायो । त्यसभन्दा अगाडि २०७२ सालमा काँग्रेस सभापति सुशील कोइराला प्रधानमन्त्री हुँदा भारत र चीनले लिम्पियाधुरा क्षेत्रमा बाटो बनाउने कुरा गरे । तत्कालै नेपालले भारत र चीनलाई पत्र लेखेर तपाईँहरु नेपालको सार्वभौमिकता रहेको लिम्पियाधुरा र लिपुलेक भञ्ज्याङबाट बाटो बनाउन पाउनुहुन्न, तपाईँहरूले गलत गर्नुभयो, यो दुई पक्षले मात्र कुरा गरेर अघि बढाउने विषय होइन भनेर पत्र पठाइएको थियो ।

पछिल्लो समय चीनले यस्ता विषयमा एकांगी निर्णय गरेर हुन्न भनेको छ । यस अर्थमा चीनले घुमाउरो पाराले २०७२ मा आफ्नो गल्ती भएको स्वीकार गरेको अनुभव हुन्छ । कोरोनाको कहर सकिएपछि छलफलका माध्यमद्वारा टुङ्ग्याऔँ भनिएको बेला त्यसलाई बेवास्ता गर्दै भारतका रक्षामन्त्रीले मानसरोवर जोड्ने कथित सडक उद्घाटन गरेपछि परिस्थिति जटिल बनेको छ ।

**के नेपालसँग यस विषयलाई लिएर आफ्नो अडान राख्ने बलिया आधार नभएका हुन् ?**

आजको दिनसम्मे धेरै सहज रूपमा यो समस्या समाधान गर्ने खालको भारतको सोच देखिन्न । कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालकै हो भन्ने हामीसँग असाध्यै बलिया प्रमाण छन् । हामीसँग भएकाले मात्र होइन, राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा भएका दर्जनौँ प्रमाणले पनि त्यो क्षेत्र नेपालकै हो भन्ने पुष्टि गर्छन् । सन् १८१६ को सुगौली सन्धि र त्यसलाई अझ प्रष्ट पार्न गरिएको १८१७ को सन्धि, विसं २०२७ र २०३० मा जारी भएको नक्सा, दुवै देशका नेतृत्व तहमा २०५४ र २०५७ मा भएका कुराकानी र सहमति पनि यथेष्ट प्रमाण हुन् । भारतकै बृटिशकालीन नक्सा र त्यहाँका प्रान्तका नक्सामा जहिले पनि लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रको भूभाग नेपालको हो भनेर देखाइएको छ । अहिले एकाएक त्यो क्षेत्र समेटेर भारतले नक्सा प्रकाशित गरेको हो । त्यो भूभाग नेपालको हो भन्ने जग्गाको तिरो तिरेको, जनगणनाको, चुनावमा मतदाता रहेको र चन्द्रशम्शेरका पालामा त्यहाँका जनताले दुःख पाए भनेर मुखियाले लेखेको चिठीलगायतका यति धेरै प्रमाणहरु हामीसँग छन् । दुनियाँमा कसैले देख्दा पनि नेपालले अर्घेल्याइँ गरेको छैन भन्ने प्रमाणले नै प्रष्टयाएको छ । यिनकै आधारमा विवादको समाधान हुन्छ ।

**के यसले अब दवाव नै चाहिएको हो भन्ने बुझाउँछ ?**

हामीले वार्ता र कूटनीतिक माध्यमबाट टेबुलमा बसेर भारतले उब्जाएको समस्या समाधान गर्न दबाब सिर्जना गर्नुपर्छ । भारतको संसद्मा विपक्षी दलले पनि नेपालसँगको सम्बन्ध धेरै पुरानो, गहिरो र मित्रवत् हो, अत्यन्त दुःखका दिन स्वतन्त्रता संग्राममा हामीलाई साथ र सहयोग पुऱ्याएको थियो, नेपालसँगको सम्बन्धलाई बिग्रन दिन हुन्न भनेर संसद्मै कुरा उठाएका छन् ।

मैले देखेको र बुझेको दुई वटा भारत छन् । बिपी भन्नुहुन्थ्यो, आम रूपमा असङ्ख्य भारतीयमा नेपालप्रति असाध्यै ठूलो स्नेह र मैत्रीभाव छ । दुईवटा बेग्लाबेग्लै देशका नागरिकको जस्तो भावै छैन । नेपाली नागरिकले भारतमा र भारतीयले नेपालमा सहज रूपमा आवतजावत र रोजगारी समेत गर्न सक्छन् तर सत्तामा बसेका र बाहिरका केही सीमित व्यक्तिमा भने कताकता हिजोको उपनिवेशका बेला बेलायतीले भारतीयलाई हेप्ने गरेजस्तै नेपालीलाई हेप्नुपर्छ भन्नेजस्तो मिचाहा प्रवृत्ति देखिन्छ । यस्तो गलत प्रवृत्तिको अन्त्य हुनुपर्छ ।

नेपालमा पनि भारत र भारतीयप्रति असाध्यै सद्भाव छ । प्रधानमन्त्री मोदी पहिलो पटक नेपाल आउँदा म सवारीमन्त्री थिएँ । आम नेपाली जनता मोदीलाई हेर्न, भेट्न र छुनलाई उर्लिएको त्यो भीड सम्हाल्न सुरक्षाकर्मीलाई हम्मेहम्मे परेको थियो । त्यस भावनालाई दुई देशबीचको सम्बन्धको उदाहरणका रूपमा लिइएको थियो ।

**यस्तो भावनात्मक सम्बन्ध कसरी विवादित भयो त ?**

एकाएक भूकम्पबाट मार खेपिरहेका बेला नाकाबन्दी गर्ने र कोरोनासँग लडरिहेका बेला कालापानीलगायतका क्षेत्रको अतिक्रमण गरी नक्सा प्रकाशित गरी सडकसमेत बनाउने काम गरेर भारतले नेपाल र नेपालीको मन कुँडयाएको छ, । नेपालले गम्भीर र सहिष्णु भएर प्रमाण अघि राखेर २०५४ देखि आजसम्म २३ वर्ष लगातार कालापानी क्षेत्रको कुरालाई कूटनीतिक माध्यमबाट हेरौँ, मिलाऔँ भनेकामा भारतले पटक्कै नसुन्दा नेपालीको मन दुख्दैन ?

केही सीमित भारतीय व्यक्ति र मिडियाकर्मीले स्वाभिमानी नेपालीलाई घमण्ड देखाउने, अपमान गर्न खोज्ने, सामन्तवादी हेपाहा र मिचाहा प्रवृत्ति देखाउन खोज्छन् भने त्यस्तो व्यवहार सहन सक्ने कुरा भएन । नेपाली जाति अरूका लागि समेत जहाँसुकै लडेको जाति हो, इतिहासमा भारतको रक्षा र सुरक्षाका लागि लडेका छौँ, दुनियाँमा हाम्रो वीरताको गाथा छ । यहाँ कसैले मिचाहा प्रवृत्ति देखाउँछन् भने कसरी सहने भन्ने भाव देखिनु स्वाभाविक हुन्छ ।

**सीमा र नेपालको नयाँ नक्साका बारेमा भारतीय सञ्चारमाध्यमलाई तपाईंले गतिलो जवाफ दिनुभएको भनेर सर्वत्र प्रशंसा भएको छ नि ?**

त्यस संवादपछि मप्रति प्रेमभाव उर्लिएको छ, स्वदेश होस् वा विदेशमा बस्ने स्वाभिमानी हरेकले नेपालीले प्रतिवाद गर्ने मीनेन्द्र होइन स्वयम म हुँ भनेर अनुभूत गर्नुभएको हुनुपर्छ । मेरा लागि यो ठूलो निधि हो । अब विगतमा मेरो दुष्प्रचार गर्नेहरूलाई जवाफ दिइरहनु पर्ने अवस्था रहेन । म आफूप्रति देखाइएको प्रेम र सद्भाव, आदर र सम्मानलाई अपमान हुन दिने काम गर्ने छैन ।

**नेपाल भारतबीचमा देखिएका सीमा विवाद सम्बन्धमा सरकारले चालेको कदमलाई तपाईं र तपाईंको पार्टीले कसरी लिएको छ ?**

यस्तो बेलामा प्रधानमन्त्रीले राष्ट्रलाई एकताबद्ध गर्ने हो । कसको देशभक्ति बढी छ, कसको कम छ भनेर देखाउने बेला यो हैन । यस्ता कठिन घडीमा कसैले कताकता खेल्ने, एकले अर्कालाई औँला देखाउने जस्तो प्रवृत्ति रहन्छ । प्रधानमन्त्रीज्यूलाई सुझाव दिन चाहन्छु, जति सक्नुहुन्छ छिटो जनतालाई एउटा छाताभित्र ल्याएर नेतृत्व गर्दै अघि बढ्नुस्, नेपाली काँग्रेस सहयोग र समर्थन गर्न तयार छ । काँग्रेसजन पनि केमा प्रष्ट हुनुपर्छ भने परराष्ट्र नीति गौँडागौँडाबाट सञ्चालित हुँदैन । यो सत्तापक्षको एउटा प्रतिपक्षको अर्को हुँदैन । सरकारले सञ्चालन गर्ने परराष्ट्र नीतिमा हामीले सरकारलाई सहयोग र समर्थन पुऱ्याउने हो । सरकारले मागेका सल्लाह सुझाव हामी उपलब्ध गराउँछौँ । प्रधानमन्त्रीज्यूले जति उदार मनले राष्ट्रलाई नेतृत्व गर्न सक्नु हुन्छ, त्यति नै प्रधानमन्त्रीज्यूको ओज बढछ् । राष्ट्रका विषयमा दुविधा भएमा स्व बिपीले 'एक मुठी माटो हातमा लिएर सोध, माटोले जे भन्छ त्यही गर' भने झैँ गर्नुपर्छ । विवेकपूर्ण ढंगले देशप्रति समर्पित भएर निर्णय गर्नुपर्छ ।

**कतिपय ठाउँमा सीमास्तम्भ नासिएर वा नदीले बगाएको पनि छ । साथै भारतीय पक्षले दशगजा क्षेत्र नजिकै बाँध बाँधिदिने गर्दा वर्षेनी नेपाली भूभाग डुबानमा पर्ने गरेको छ । यी समस्याहरुको समाधानमा नेपाल सरकारको पहल नपुगेको हो कि भारतीय पक्ष उदासीन देखिएको हो ?**

यो चरम असंवेदनशीलता हो । कोरोना भाइरस संक्रमणबाट मुक्ति पाएपछि द्विपक्षीय वार्ता गर्ने भन्ने, अनि त्यही बीचमा बाटोको भर्च्युअल उद्घाट्न गर्ने ? त्यो भन्दा असंवेदनशील कुरा के हुन्छ ? भारतले चाहे सिमानामा बाँध बनाउने बेला होस् वा अन्य काम गर्ने बेलामा, असंवेदनशीलता देखाउँदै आएको छ तर यसलाई झगडा फसादको विषय बनाउनेभन्दा पनि हामीले पनि के सोच्नुपऱ्यो भने हाम्रो काम गर्ने शैली ढिलो सुस्त छ कि ? भारत अर्कै गतिमा विकास गरिरहेको छ, हाम्रो गति निकै सुस्त भएका कारण उता एकांगी ढंगले काम गरिएको पनि हुन सक्छ । तथापि भारतले जुन संवेदनशीलता देखाउनुपर्ने हो, त्यो देखाएको छैन ।

भारत र चीन दुवै हाम्रा घनिष्ठ मित्र हुन् र दुवै हाम्रा लागि अत्यन्त महत्वपूर्ण छन् । भारत भूगोल, परम्परा, इतिहास, संस्कृति, भाषालगायतले अझ नजीक छ । जसरी चीनको भूमिका आज विश्वमै बढेर गएको छ, नेपालमा हिजोको भन्दा आज चीनको भूमिका विस्तारित हुन्छ भन्ने कुरा भारतले पनि स्वीकार गर्नुपर्छ । यी सबै कुरा गर्दागर्दै पनि, भारतलाई नजिकको मित्र मान्दा पनि, भारतले हामीसँग गर्ने व्यवहार मित्रले गर्ने व्यवहारभन्दा फरक देखिन्छ, नेपालका लागि हामीले नै निर्णय गरिदिन सक्छौँ भने जस्तो । के बुझ्नु आवश्यक छ भने भारतले हाम्रा लागि निर्णय गर्न मिल्दैन । हामी बेग्लै सम्प्रभुतासम्पन्न देश हौँ । त्यसैले भारतले जति बढी संवेदनशीलता देखाउँछ, हाम्रो हित त हुन्छ, हामी त सानो देश, साथसाथै भारतको पनि अन्तरराष्ट्रिय प्रतिष्ठा बढ्छ । भारतले नेपालजस्ता घनिष्ठ छिमेकी देशसँग सद्भाव देखाउँदा अन्तरराष्ट्रिय मञ्चमा भारतको उचाइ अझ बढ्छ भन्ने मलाई लाग्छ ।

**अहिले नेपालको सिमानामा तारबार लगाउने बेला भयो भन्ने पनि सुनिन्छ । यो मुलुकको हितमा हुन्छ कि हुँदैन ? यस्ता मुद्दामा मुलुकभित्रका सबै दल आगामी दिनमा कसरी अगाडि बढनुपर्छ ?**

तराईमा सिमाना छेउका बाटोघाटो नपुगेका कतिपय स्थानमा धेरै गरीबी छ, त्यहाँ जीवनयापन गर्न मानिसलाई कति कठिन छ भन्ने कुरा हामी काठमाडौँमा बसेकाले बुझेका छैनौँ । कुनै बेला नेपालको एक स्थानबाट अर्को स्थानमा जान भारतको बाटो प्रयोग गर्नुपर्ने बाध्यता थियो । ती बाध्यताबाट आधुनिक नेपाल बन्दै जाने क्रममा हाम्रो भारतसँगको सम्बन्ध पनि प्रकारान्तरले परिवर्तित हुँदै गएको छ । एउटा समय थियो, भारतको स्वतन्त्रता आन्दोलनमा हामी पनि लड्यौँ, हाम्रो प्रजातन्त्र स्थापनाको आन्दोलनमा उनीहरूको सहयोग हामीले पनि लियौँ होला ।

अर्को कुरा, विश्वमा चीनको उदय जसरी भएको छ, त्यसले पनि नेपाल र भारतबीचको सम्बन्धमा नयाँ आयाम थपेको छ भन्ने तथ्यलाई हामीले आत्मसात् गर्नुपर्छ । यी सबै कुरालाई स्वीकार गरेर हिंड्नु जाती हुन्छ । त्यसको सट्टा उग्र नारा लगाएर, पर्खाल लगाऊँ वा के लगाऊँ भनेर कसको हित हुन्छ ? हामीले पर्खाल लगाएर गर्ने के ? एकातिर उत्तरतर्फ हिमालको पर्खाल छ, अलिकति खोल्दै जाँदा उपलब्धिका रूपमा हामी व्याख्या गरौँला । अनि दक्षिणतर्फ पर्खाल लगाउने कुराले हामीलाई कसरी मद्दत गर्ला ? विश्वमा चीन र भारतको उदयले नेपालका प्रति अन्तरराष्ट्रिय रूपमा आकर्षण बढ्दै जान्छ । हामीले यसमा खुशी हुने कि दुःखी हुने ? मेरो विचारमा दुनियाँका सबै मुलुकले चीन र भारतको बीचको मुलुक नेपालप्रति अभिरूचि बढाउने विषयलाई हामीले बुद्धिमत्तापूर्वक उपयोग गऱ्यौँ भने नेपाल र नेपालीको समृद्धिको हितमा हुनेछ ।

**सरकारले नेपालको नयाँ नक्साअनुसार संविधानको अनुसूची ३ सच्याउन संसद्मा संविधान संशोधनको प्रस्ताव दर्ता गराएको छ । त्यो प्रस्तावमा केही दलले आफ्ना माग पनि समेट्न सुझाव दिएका छन् । यसलाई कसरी लिन हुन्छ ?**

नेपालको संविधानको अनुसूची ३ मा नेपालको निशान चिह्न छ । निशान चिह्नमा रहेको नेपालको गलत नक्सा सच्याउनका लागि संशोधन गर्न लागिएको हो । त्यसैले यसलाई त्यही रूपमा लिनुपर्छ । दोस्रो कुरा, यो सबै नेपालीको स्वाभिमानसँग जोडिएको विषय हो । यसमा नेपाल एकताबद्ध रूपमा उभिएको छ भन्ने सन्देश दिनुपर्छ । त्यस्तो सन्देश दिन संविधान सशोधन गर्न लागिएको हो । त्यस हिसाबले यसको मूल्य त्यसमा बढी छ । यसमा किन्तु परन्तु केही जोड्ने कुरा अनुचित हुन्छ । पहिले यो जँघार तर्नुपर्छ, यो जँघार तरेपछि आउने अन्य जँघार त्यस पछाडि तर्ने हो । त्यसले कुनै पनि पार्टीले केही कुरा छ भने पछि गर्ने हो, अहिले गर्नु हुँदैन, हाम्रो पार्टीले त झन् गर्दै गर्दैन ।

**कोभिड १९ को संक्रमण रोकथाम र उपचारका लागि नेपाल सरकारले गरिरहेको कार्यलाई थप प्रभावकारी बनाउन यहाँको के सुझाव छ ?**

कोरोना भाइरसको संक्रमण रोकथाम र उपचारका सन्दर्भमा सरकारका कामका बारेमा मैले सार्वजनिक रूपमै अभिव्यक्त गर्दै आएको पनि छु । सरकारको काम गर्ने ढङ्ग मिलेन । अहिले ठूलो कठिनाइ छ तर यस्तो बेला सर्वप्रथम यथार्थलाई स्वीकार गरी इमान्दार हुनुपर्छ । कोरोनाको कहरमा सरकारले बन्दाबन्दी घोषणा गर्नेबाहेक स्वाभाविक रूपमा सम्बोधन गर्न सक्ने काम पनि गर्न सक्थ्यो । त्यसैले सरकारले इमान्दार भएर यस कठिनाइबाट पार पाउन नेतृत्वका साथ सबै पक्षसँग सहयोग लिएर काम गर्नुपर्छ ।

अर्को कुरा, भारतबाट आउने खाद्य पदार्थ र तरकारी निर्बाध रूपमा काठमाडौँसम्म आइपुग्यो तर यहीँका गाउँका किसानले आफ्नो उत्पादन सहज रूपमा बजारसम्म पुऱ्याउन सकेनन् । आपूर्ति व्यवस्था कमजोर छ । आपूर्ति व्यवस्थाको कमजोरीका कारण माग हुँदाहुँदै पनि किसानले आफूले उत्पादन गरेका दूध, तरकारी, अण्डालगायत वस्तु फाल्नुपर्ने अवस्था आयो । यसका लागि पो सुरक्षा बल परिचालित हुनुपर्थ्यो । सरकारले यसबारेमा गम्भीर बनेर आगामी दिनमा योजना अघि बढाउनुपर्छ ।

**नेपाली काँग्रेसले प्रमुख प्रतिपक्षीको भूमिका संसद्मा प्रभावकारी निर्वाह गर्न नसकेको भन्ने गुनासो बेलाबेला सुनिन्छ, आगामी दिनमा थप प्रभावकारी र सिर्जनशील प्रतिपक्षीको भूमिका निर्वाहका लागि के गर्नुहुन्छ ?**

काँग्रेसको तागत हिजो जस्तो पक्कै छैन । हिजोका दिनमा काँग्रेस मुलुकको सबैभन्दा ठूलो पार्टी अथवा मुलुककै नेतृत्व गर्ने पार्टी थियो । आज सबै प्रदेश र केन्द्रमा काँग्रेसको करीब २२ प्रतिशतको हाराहारीमा मात्र उपस्थिति छ । हामीले आज गर्ने भूमिका हिजोको काँग्रेस सम्झेर हुँदैन । अर्को कुरा, सरकारसँग निराशा छ, त्यसपछि कहाँ मन लगाउने भनेपछि प्रतिपक्षीसँग मन लगाउने हो । पछिल्लो उपनिर्वाचनले पनि कम्युनिष्टको विकल्प काँग्रेस नै हो भन्ने मत प्रकट भएको छ ।

काँग्रेसका अधिकांश सिनियर नेताहरु यतिखेर संसद् बाहिर हुनुहुन्छ । संसद्बाहिर भएपछि उहाँहरूलाई संसद्का गतिविधिमा खासै ध्यान पनि छैन । र अन्तिम कुरा, मैले भन्नैपर्छ हाम्रो संसदीय दलको नेताले पनि अपेक्षाअनुसार संसद्मा प्रभावकारी भूमिका निर्वाह गर्न सक्नुभएको छैन ।

# माछापुच्छ्रे बैंकको अनलाइन बैकिङ सेवा अपग्रेड

माछापुच्छ्रे बैंकले अनलाइन बैकिङ सेवालाई अपग्रेड गरेको छ। बैंकले नो

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
अझ सबल, उत्कृष्ट एवं विस्तारित

लाइन बैकिङ नाराका साथ अनलाइन बैकिङ अपग्रेड गरेको हो। बैंकका व्यवसायिक तथा व्यक्तिगत दुवै ग्राहकले घर वा कार्यालयमा बसेर अधिकतम बैंकिङ सेवा सरलरूपमा पाउने छन्।

साथै अन्तर बैंक रकमान्तर, कनेक्ट आइपिएस र स्टेटमेन्ट हेर्न पाउने छन्। यो सेवामार्फत व्यवसायिक तथा कर्पोरेट हाउसले तलबको व्यवस्थापन गर्न पनि पाउनेछन्। साथै अन्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेको खातामा रकमान्तर, क्रेडिट कार्डको बिल पेमेन्ट, वालेटका माध्यमबाट पैसा लोड र मोबाइल टपअप गर्न मिल्नेछ। बारम्बार तिर्नुपर्ने रकमलाई सेड्युल गरेर तिर्न सकिने बैंकले जनाएको छ।

# एनएमबी बैंकद्वारा कञ्चन डेभलपमेन्ट बैंक प्राप्ति

NMB BANK
NMB एनएमबि बैंक
move beyond

एनएमबी बैंकले कञ्चन डेभलपमेन्ट बैंकलाई प्राप्ती (एक्वायर) गरेको छ। एनएमबी बैंकले कन्चन डेभलपमेन्ट बैंकलाई प्राप्ति गर्ने सम्बन्धमा जेठ २५ गते (आइतबार) अन्तिम सम्झौतापत्रमा हस्ताक्षर भएको छ। कञ्चन डेभलपमेन्ट बैंक कञ्चनपुर जिल्ला महेन्द्रनगर जिल्लामा मुख्य कार्यालय रहेको थियो। यो नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको वित्तीय संस्था हो।

# पोखराका बैंकहरुमा पेन्सन लिनेको भिड

कोरोना भाइरसको प्रभावका कारण देशमा लकडाउन जारी भएसँगै पोखरा क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुमा रकम लिनेहरुको भिड बढेको छ। जुन महिनाको पहिलो तारिख भारतिय तथा बेलायती भूतपूर्व सैनिकहरुको समेत पेन्सन बुझ्ने समय भएकोले गर्दा पोखरा क्षेत्रका एसबीआइ र एभरेष्ट बैंकहरुमा प्राय: अत्याधिक भिड हुने गरेको छ।

बैंकका सुरक्षा गार्ड र नेपाल प्रहरीले उनीहरुलाई सामाजिक दुरी कायम गर्दै लाइनमा बसाल्न हम्मेहम्मे हुने गरेको छ। पोखरा क्षेत्रमा एसबीआइका ४ र एभरेष्ट बैंकका ३ वटा शाखा हुँदा पनि पेन्सन बुझ्न अंग्रेजी नयाँ महिनाको करिब एक सातासम्म भिडभाड हुने गरेको छ। गण्डकी प्रदेशमा मात्र पेन्सनरहरु करिब एक लाखको संख्यामा रहेको नेपाल राष्ट्र बैंक पोखराका निर्देशक डा.डिल्लीराम पोखेलले बताए।

उनका अनुसार ८० प्रतिशत एसबीआइ. र बाँकी २० प्रतिशत भने एभरेष्ट बैंकबाट पेन्सन बुझ्ने गरेका हुन्। गण्डकी प्रदेशमा एक महिनामै करिब एक अर्ब ८० करोड रुपैयाँ पेन्सन बुझ्ने गरेको निर्देशक डा.पोखेलले



बताए।

राष्ट्र बैंक पोखरामा २ अर्ब ८७ करोड रुपैयाँ बैंक तथा वित्तीय संघ संस्थाहरुले लगेको उनले जनाए। त्यसैगरी लकडाउनको समयमा राष्ट्र बैंक पोखरामा ५७ करोड रुपैयाँ डिपोजिट भएको कार्यालयले जनाएको छ। उक्त कार्यालयबाट प्रदेशका ७ जिल्लामा करिब २ अर्ब रुपैयाँ नोटकोष (ट्रासफर) मा जम्मा गरिएको निर्देशक डा.पोखेलले जनाए।

नेपाल राष्ट्र बैंकले लिएको रकम तीन दिनसम्म सुरक्षितका साथ राखेर स्प्रे गरेर मात्र बजारमा पुन: वितरणको व्यवस्था गरिएको उनले जनााए। उनले भने, कोरोना संक्रमण पैसाबाट पनि हुनसक्ने भएकोले गर्दा हामीले आफ्नो ठाउँमा पूर्णरुपमा सजगता अपनाएका छौं, पैसा लिएको तीन दिनपछि मात्र स्प्रे समेत गरेर गणना गर्ने गरेका छौं।

पोखरामा भित्रिने रेमिट्यान्समा लकडाउने गर्दा केही आएको निर्देशक डा.पोखेलले बताए। उनका अनुसार नेपालमा मासिक ७५ अर्बको रेमिट्यान्स भित्रिने भए पनि हाल करिब २५ प्रतिशतले घट्न गएको छ। चैतमा करिब ३४ अर्ब र वैशाख महिनामा भने ४० अर्ब रुपैयाँ मात्र रेमिट्यान्स नेपाल भित्रिएको उनले दाबी गरे। पोखरासहित कास्कीमा २ सय ५६ वटा बैंकका शाखा कार्यालयहरु रहेका छन्। उनले भने, कोरोना भाइरसको जोखिमलाई मध्यनजर गरी सामाजिक दुरी कायम गरी सेनिटाइजरसहितका स्वास्थ्य सामग्रीको प्रयोग गर्दै न्यूनतम कर्मचारी करिब एक तिहाईबाट बैंकिङ कारोवार गर्ने लक्ष्य राखेका हौं।

# सहकारी अभियानको तर्फबाट कोरोना कोषमा २७ लाख

राष्ट्रिय सहकारी महासंघले सहकारी अभियानबाट संकलन भएको २७ लाख एक हजार ७६४ रुपैयाँ कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा प्रदान गरेको छ। महासंघका अध्यक्ष मिनराज कँडेलले उपप्रधान तथा रक्षामन्त्री तथा कोभिड १९ संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समितिका संयोजक ईश्वर पोखरेललाई उक्त रकम बराबरको चेक हस्तान्तरण गरे। चेक हस्तान्तरण कार्यक्रममा उपप्रधानमन्त्री पोखरेलले सहकारी क्षेत्रले तल्लो तहदेखि नै उल्लेखनीय काम गरेकोमा धन्यवाद दिँदै कोभिड १९ को संक्रमण रोकथाम, नियन्त्रण कार्यका लागि गरेको विवरण समेत उपलब्ध गराउन आग्रह गरे। महासंघका अध्यक्ष कँडेलले सहकारी अभियानले हालसम्म कोरोना रोकथाम र राहत कार्यक्रममा १० करोड भन्दा बढि सहयोग गरिसकेको जानकारी दिए। संघीय सरकारको कोषमा रकम उपलब्ध गराउन राष्ट्रिय सहकारी महासंघ र झापाको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले ५/५ लाख रुपैयाँ प्रदान गरेका थिए। त्यसैगरी झापाको नेपाल बहुउद्देश्यीय



सहकारी संस्थाले २ लाख, राष्ट्रिय सहकारी महासंघका कर्मचारीले १ लाख ११ हजार ९ सय ३७, नवलपरासीको किसान कल्याण साकोसले १ लाख ३ हजार, झापाको मेची सहकारी संस्थाले १ लाख १ हजार १११, काभ्रेको विन्धबासिनी साकोसले १ लाख १ हजार १११, झापा र कास्कीका जिल्ला सहकारी संघहरुले जनही १ लाख १ हजार प्रदान गरेका थिए। कैलालीको नवजिवन सहकारी संस्थाले १ लाख १ हजार प्रदान गरेको छ। त्यसैगरी, राष्ट्रिय सहकारी महासंघको सञ्चालक समितिले ६९ हजार, काभ्रेको सामुदायिक साकोसले ६१ हजार, काठमाडौंको कुमारी सेभिङ एन्ड क्रेडिट कोदचस्–अपरेटिभले ५५ हजार ५ सय ५५ सहयोग गरेका छन्। मोरङको जिल्ला सहकारी संघले ५२ हजार ५ सय, झापाको हाम्रो नेपाल साकोस र कन्चनजंघा बहुउद्देश्यीय सहकारी र दोलखाको मिलिजुली कालिञ्चोक साकोसले समान अंकमा ५१ हजार प्रदान गरे। काठमाडौंको सुयोग्य साकोसले ५० हजार ५ सय ५५, धादिङको जनकल्याण साकोस र काठमाडौंको मनिप्लान्ट साकोसले समान अंकमा ५० हजार प्रदान गरे। ललितपुरको मनास्लु बहुउद्देश्यीय सहकारी संस्थाले ४० हजार, काठमाडौंको मेगा ड्रिम साकोसले २७ हजार ७ सय ७७ रुपैयाँ, दोलखाको जिल्ला बचत तथा ऋण सहकारी संघले २५ हजार १ सय ५ रुपैयाँ, जिल्ला सहकारी संघ लि दोलखाले २५ हजार प्रदान गरे भने बाराको साना किसान कृषि सहकारी संस्थाले २५ हजार, भक्तपुरको श्री सहयोगी बचत तथा सेवा केन्द्र सहकारी संस्थाले २० हजार, ललितपुरको माता विन्धबासिनी साकोसले ११ हजार १ सय ११ र पर्साको जिल्ला बचत तथा ऋण सहकारी संघले ११ हजार रुपैयाँ सहयोग गरेको महासंघले जानकारी दिएको छ।

# काठमाडौंका बैंकमा भीडभाड

लकडाउनको समयमा प्राय: बन्दजस्तै रहेका काठमाडौंका बैंकहरुमा केही दिनयता ग्राहकको घुइँचो बढेको छ। लकडाउन लम्बिँदै जाँदा पछिल्ला केही दिनयता भने बैंकमा पनि भिडभाड बढेको हो। बैंकहरुले सबै शाखा कार्यालयहरु खोल्न पाएका छैनन्। खुलेका शाखामा पनि सबै कर्मचारीहरु राखेर पूर्णरुपमा सेवा दिन नपाएका कारणले पनि भिड बढेको बैंक सञ्चालकहरु बताउँछन्।

सरकारले बैंकका कर्मचारीहरुलाई पर्याप्त सवारी पास नदिएको र बैंकको परिचयपत्रका आधारमा प्रहरीले हिँडडुल गर्न नदिएकाले पनि पूर्ण रुपमा सेवादिन




नसकेको बैंकहरुले जनाएका छन्। सीमित समयमा केही शाखाले मात्र सेवा दिँदा बैंकहरुमा सेवाग्राहीको चाप बढेको हो।

बैंकका कर्मचारीहरुलाई आफ्नो परिचय पत्र देखाएर कार्यालय जान-आउन सुविधा दिने हो भने बैंकमा देखिएको भिड कम हुने बैंक सञ्चालकहरु बताउँछन्।

सुरक्षा, स्वास्थ्यजस्तै बैंकहरुलाई पनि सरकारले अति आवश्यक क्षेत्रमा राखेको भन्दै यसलाई सीमित पास दिएर सेवा दे भन्नु गलत भएको बैंकर्सहरु बताउँछन्। सीईओ शाहका अनुसार लकडाउनकै अवधिमा पनि नबिल बैंकको एउटै शाखामा दैनिक ५ सय वटासम्म कारोबार हुने गरेका छन्।

बैंकहरुमा नगदको भने कुनै समस्या नरहेको उनीहरुले बताएका छन्। सबै बैंकहरुमा नगद पर्याप्त रहेको र पछिल्लो समय बैंकहरुमा निक्षेप गर्नेहरुको संख्या बढेको बताइएको छ। पछिल्लो समय पैसा निकाल्नेभन्दा पनि जम्मा गर्नेकै संख्या ठूलो रहेको छ। लकडाउनपछि खर्च गर्ने ठाउँहरु नभएका कारण नगद प्रवाह पनि कम भएको हो।

# बैकिङ्ग संसार

## बचत तथा ऋण सहकारीलाई मर्जरमा प्रोत्साहन गर्ने

सरकारले आगामी आर्थिक वर्षमा बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरुलाई मर्जरमा लैजाने भएको छ। अर्थमन्त्री डा. युवराज खतिवडाले संघीय संसदमा आगामी आर्थिक वर्षको लागि बजेट प्रस्तुत गर्दै सहकारीलाई मर्जरमा जानका लागि प्रोत्साहन गरिने बताए। अहिले देशभर ३५ हजार सहकारीमध्ये १४ हजार बचत तथा ऋण सहकारी छन्। यसबाहेक अन्य विषयगत सहकारीहरु पनि बचत तथा ऋण कारोबारमै केन्द्रीत छन्।

सहकारीमा बचत तथा ऋणको कारोबार बढ्दै गएपछि सोहि अनुसार सुशासन र अनुगमन हुन नसक्दा सहकारीको कारोबारमा जोखिम समेत बढ्दै गएको छ। यसैगरी सहकारी संस्थाका सञ्चालहरुले सर्वसाधारणबाट बचत संकलन गरी भाग्ने जस्ता ठगि पनि हुने गरेको। सहकारीमा विकृति बढ्दै गएपछि सरकारले संस्थाको संख्या घटाउन मर्जरको कार्यक्रमलाई अघि सारेको हो। यसअघि संघीय सहकारी विभागले सहकारीको मर्जरका लागि मर्जर निर्देशिका जारी गरेको थियो। तर, सहकारी संस्थाका सञ्चालकहरुले मर्जरमा जान अटेर गर्दै आएका छन्। सहकारी क्षेत्रका सरोकारवाला तथा विज्ञहरुले भने सहकारी क्षेत्रमा पनि फोर्स मर्जरको कार्यक्रम आउनुपर्ने बताउँदै आएका छन्। सहकारी संस्थाहरुको नियमनमा चूनौती बढ्दै गएपछि बजेटले यो विषयलाई सम्बोधन गरेको छैन। अर्थमन्त्री खतिवडाले सहकारी क्षेत्रको




मूल्य मान्यतासँग मिल्ने गरी सहकारीको संस्थागत क्षमतालाई वृद्धि गर्दै स्वनियम र सुशासनलाई बढाउने उल्लेख गरे। यसअघिका बजेटहरुमा सहकारीको नियमनलाई प्रभावकारी बनाइने घोषणा गरेपनि सहकारीको अनुगमन प्रभावकारी हुन सकेको छैन। सहकारीको अनुगमनलाई प्रभावकारी बनाउन वित्तीय कारोबार गर्ने सहकारीको नियमनका लागि छुट्टै निकाय हुनुपर्ने माग सरोकारवालाहरुले उठाउँदै आएका छन्।

यसैगरी आगामी बजेटमा नविन प्रविधिको प्रयोग गरी नगदरहित कारोबारका लागि पनि प्रोत्साहन गरिने पनि उल्लेख गरिएको छ। अर्थमन्त्री खतिवडाले सहकारी कर्जा सूचना केन्द्रका साथै बचत तथा ऋण सुरक्षण कोष स्थापना गरिने पनि जानकारी दिए। बजेटमा सहकारी उपभोक्ता पसलका लागि सामान आपूर्ति गर्न थोक उपभोक्ता पसल सञ्चालनका गर्ने उल्लेख गरिएको छ। यस्तै गरिब, विपन्न, शिक्षित बेरोजगार र वैदेशिक रोजगारीबाट फर्किने युवाहरुलाई सहकारीमार्फत स्वरोजगारमूलक कामका लागि कर्जा उपलब्ध गराइने र त्यसका लागि तीन अर्ब ६० करोड रुपैयाँ छुट्याइएको खतिवडाले जानकारी दिए। यस्तै बजेटमा सहकारीलाई लाग्दै आएको आयकरलाई पनि सहुलियत दिएको छ। नयाँ व्यवस्थाअनुसार सरकारले नगरपालिकाका सबै सहकारीलाई कर नलाग्ने व्यवस्था गरेको छ। यसैगरी नगरपालिकाका सहकारीलाई ५ प्रतिशत, उपमहानगरपालिका सहकारीलाई ७ र नगरपालिका सहकारीलाई १० प्रतिशत कर लाग्ने व्यवस्था गरिएको छ।

## खल्ती र कनेक्ट आईपीएसबाटै डिम्याट तथा मेरो सेयर नवीकरण

नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको पूर्ण स्वामित्वमा रहेको बैंकको सहायक कम्पनी एनआईबीएल एस क्यापिटल लिमिटेडमा डिम्याट खाता र मेरो सेयर भएका ग्राहकले वाषिक नवीकरण खल्ती र कनेक्ट आईपीएसबाट गर्न सक्ने




भएका छन्। क्यापिटलले ग्राहकलाई सहज रुपमा सेवा उपलब्ध गराउन उक्त व्यवस्था गरेको कम्पनीले जनाएको छ। क्यापिटलले व्यवसाय एवं स्टार्ट अपहरूलाई कोरोनाबाट परेको प्रभावको लेखाजोखा, सम्भाव्यताको अध्ययन, विकल्पहरूको सुझाब र पुँजी व्यवस्थापन समेतमा सहयोग प्रदान गर्न नयाँ दुई थरी एडभाइजरी प्रडक्ट समेत सञ्चालनमा ल्याएको भन्दै महामारीका बीच व्यवसायलाई थप विस्तार एवं विविधीकरण गर्दै परामर्श प्रधान सेवाहरू सञ्चालनमा ल्याएको पनि जनाएको छ। जसअन्तर्गत बिजनेस एसेसमेन्ट एन्ड इम्प्याक्ट एनालाइसिस नामक सेवाले ग्राहकलाई उनीहरूको व्यवसायमा महामारीको प्रभावको लेखाजोखा, विश्लेषण र परामर्शको सेवा दिनेछ। यसले ग्राहकलाई व्यवसाय जोगाउन चाल्नुपर्ने कदम, विविधीकरण एवं नवप्रवर्तनका सम्भावना देखाइदिने कम्पनीले जनाएको छ।

# फेरी फसाउँछ



कृष्ण बहादुर बोगटी काका
धुम्बाराही क्षेत्र नं. ५
वडा नं. ४ काठमाण्डौ
हालः चक्रवहिल -१२, बालकुमारी ल.पु

म जस्तो घरबार विहिनलाई भ्रष्टाचारीले झुटो आरोप लगाई फसाई दियो पैसा हुनेले सफाई पायो मैले गर्दै नगरेको गल्ती ले पनि ४८ महिना दुई दिन जेल बस्नु पऱ्यो । पैसा हुनेहरु जेलको स्टाफ सुविधा लिई कामै नगरे पनि बर्षको डेड दुइ महिना सुविधा लिन्छन मैले भने तिन बर्ष स्टाफ भै काम गर्दा उल्टै दुई दिन बडी जेल बस्नु पऱ्यो श्री सम्मानित अदालतले तोके भन्दा पनी बढी कैद बस्नु पऱ्यो त्यसको कारण पनी गरिबी नै हो नियम कानुन पैसा नहुने घरबार विहिनलाई मात्र लाग्ने गर्छ त्यसको पनी प्रमाण छ तर पनी पैसा पाहुर हुने भ्रष्टले लगाएको आरोप भएकोले कुनैपनी निकायले गरिबको पक्ष लिने रहेनछ भन्ने कुरा प्रमाणित भैसकेको छ । अब कुनैपनि घरबार विहिन निर्दोष गरिब झुटो आरोपमा नफसोस मेरो यही कामना छ । गरिबको नाम विक्री गरेर खाने संस्था खारेज गरी सञ्चालकलाई कार्वाही गर्नु पर्छ नत्र फेरी अर्को निर्दोष नफसला भन्न सकिन्न मलाई फसाउने नै जेलमा आई धम्की समेत दिएकोले पनि दुई दिन बढी जेल बस्नु परेको हुनुपर्छ । स्टाफ बसेको प्रमाण पनि यसै साथ छ । मलाई फसाउने संस्थाको हाकि जेलैमा आइ गोरी प्रधानको विरोध नगरे कुनैपनी सहयोग गरौला विरोध गरे फेरी फसाई दिउँला भनी प्रोग्राम अफिसर कुमार भट्टराईले जेलैमा आइ धम्की दिएर गए । तर मैले केही गर्न सकिन किनभने जेलमा रहँदा कुनै ठुलो सोर समेत गर्न पाइदैन मैले सुनिनै रहे र सहेरै बसे जेलबाट मुक्त भएपछि धेरै लेखहरुद्धारा तिनीहरुको गतिविधिको बारेमा विरोध गरे प्रमाण समेत राखी प्रकाशित गरे तर केही भएन ।

सिविनको मलाई फसाउन रोल खेल्ने सिवीनको प्रोगाम अफिसर कुमार भट्टराई जेलमा आइसकेसम्म धेरै जेल राख्न जेलर भट्टराइ हुँदा ठूलै कसरत गरेर मलाई सम्मानित अदातलले तोके भन्दा दुई (२) दिन बडी जेल बस्न बाध्य बनायो ।

कारागारमा नाइके सह नाइके भए वापत नाइकेलाई डेढ महिना र सहनाइके लाई बर्षको एक (१) महिना दिन मिनाहा हुन्छ तर मैले पुजारी मन्दिर सहनाइके भई तिन बर्ष काम गर्दा झनै अदालतले तोके भन्दा पनि दुई (२) दिन बढी बस्न बाध्य गरायो सिविनको दबाबले । धन्यवाद मेरो नेपाल आमा निर्दोषीलाई फसाउने लार्य हजुर ले नै सजाय दिनु पऱ्यो । जय नेपाल आमा ।

# सर्भाइकल र स्तन अर्बुदरोगको निःशुल्क स्वास्थ्य परीक्षण

काठमाडौँ । सरकारले ज्येष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका व्यक्तिको विकासमा जोड दिएको छ । अर्थमन्त्री डा युवराज खतिवडाले आज सङ्घीय संसद्मा सरकारको आव २०७७/७८ को बजेट प्रस्तुत गर्दै सरकारले आर्थिक रुपले विपन्न, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति, एकल महिला, बालबालिका, लोपोन्मुख र सीमान्तकृत समुदायलाई राज्यबाट विशेष सुरक्षा र संरक्षण प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिने बताउनु भयो । मन्त्री खतिवडाले महिलाहरुमा हुने सर्भाइकल र स्तन अर्बुदरोग जस्ता घातक रोग पहिचान र उपचारका लागि निःशुल्क स्वास्थ्य परीक्षण गरिने बताउनुभयो । सबै स्थानीय तहमा ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन गर्ने नीतिअन्तर्गत आगामी आवमा बाँकी स्थानीय तहसम्म विस्तार गर्ने प्रबन्ध मिलाइएको छ । आगामी वर्ष दलित तथा कर्णाली क्षेत्र र तराई मधेशलगायत गरीबीको रेखामुनि परेका परिवारका बालबालिकालाई समेट्ने गरी बाल संरक्षण अनुदानको दायरा फराकिलो पारिने छ । यसबाट करीब १३ लाख बालबालिका लाभान्वित हुने विश्वास गरिएको छ । विशेष संरक्षण आवश्यक भएका अनाथ, अति जोखिममा परेका र एचआइभी सङ्क्रमित बालबालिकाका लागि भरपर्दो सामाजिक सुरक्षा प्रदान गर्न समाजिक संस्थासमेत परिचालन गरिने भएको छ । भौतिक पूर्वाधार अपाङ्गमैत्री बनाइने छ । अपाङ्गता भएका व्यक्तिको मनोबल बढाउन शिक्षा, स्वास्थ्य र सामाजिक गतिविधिमा सम्मानजनक पहुँच स्थापना गरिने छ । न्यूनदृष्टियुक्तले प्रयोग गर्ने सेतो छडी र ब्रेनलिपिका पाठ्यक्रम निःशुल्क उपलब्ध गराइने छ । साङ्केतिक भाषाको विकास तथा प्रोत्साहन गरिने छ । भूमिहीन दलितको पहिचान गरी बसोबासका लागि आवश्यक जमीन उपलब्ध गराइने भएको छ । सरकारले विपन्न र वञ्चितीकरणमा परेका महिलाको सीप तथा उद्यमशीलता विकास गरी रोजगारीको अवसर प्रदान गर्ने भएको छ । अर्थमन्त्री डा युवराज खतिवडले आज सङ्घीय संसद्मा सरकारको आव २०७७/७८ को बजेट प्रस्तुत गर्दै राष्ट्रपति महिला उत्थान कार्यक्रममार्फत मुलुकभरका विपन्न र वञ्चितीकरणमा परेका महिलाको सीप तथा उद्यमशीलता विकास गरी रोजगारीको अवसर प्रदान गरिने जानकारी दिनुभयो । महिलाको सामाजिक, आर्थिक अधिकार हासिल हुने गरी महिला लक्षित कार्यक्रम सञ्चालन गर्दै स्वास्थ्य जोखिममा परेका दुर्गम क्षेत्रका गर्भवती र सुत्केरीको हवाई उद्धारलाई निरन्तरता दिइने मन्त्री डा खतिवडाको भनाइ छ । मन्त्री खतिवडाले भन्नुभयो, "सरकारले सबै स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गर्ने भएको छ, महिलाविरुद्ध हुने सबै प्रकारका सामाजिक विभेद तथा भेदभाव, शोषण र हिंसा अन्त्य गरिने भएको छ, सामाजिक कुप्रथा, अन्याय हटाउन स्थानीय सरकार, गैरसरकारी तथा सामुदायिक क्षेत्रसमेत सहभागितामा सामाजिक जागरण र जनचेतना अभियान सञ्चालन गरिने भएको छ ।" सरकारले लैंगिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेशस्तरीय बजेट प्रणालीमा समाावेश गर्ने भएको छ । सरकारले बालबालिकासम्बन्धी राष्ट्रिय रणनीति तय गरी कार्यान्वयन गर्नाका साथै सदाका लागि बालश्रम अन्त्य गर्दै सडक बालबालिकामुक्त देश बनाउने उद्देश्य लिएको छ । बालबालिकाको खेलकूद र मनोरञ्जनसँगै शारीरिक र मानसिक विकासका लागि बालोद्यान, पुस्तकालय एवं ज्ञान तथा प्रविधि संग्रहालय स्थापना गरिने छ । मुलुकभरका ज्येष्ठ नागरिक आश्रमको न्यूनतम पूर्वाधार र सुविधाको मापदण्ड तोकी स्थानीय तहको प्रत्यक्ष रेखदेखमा सञ्चालन गर्ने व्यवस्था गरिने भएको छ । सरकारले अल्जाइमर लगायत रोगबाट प्रभावित ज्येष्ठ नागरिकको निःशल्क उपचारको व्यवस्था गरिने छ । एकल, शारीरिक र मानसिक रुपमा अशक्त, असहाय र आफ्नो परिवारबाट संरक्षण नभएका ज्येष्ठ नागरिकका लागि निःशल्क औषधि

नोवेल कोरोना भाइरस(covid(१९) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो , हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।
यसबाट बच्ने उत्तम उपायहरुः
- कुनै ब्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
-अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछयुँ गर्दा नाक र मुख कुहिनोले छोप्ने
- कुनै पनि ब्यक्तिसंग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो , रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसंग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# रामेछाप डायरी

## आइसोलेसन र क्वारेन्टिन थप गर्न नागरिक समाजको माग

रामेछाप । बाहिरबाट मानिसहरु भित्रने क्रम बढेपछि रामेछापको नागरिक समाजले आइसोलेसन र क्वेन्टिन कक्ष विस्तार गर्न माग गरेको छ । मानवअधिकार संरक्षण सञ्जाल रामेछापले जेठ १९ गते एक विज्ञप्ति जारी गरी सो माग गरेको हो । जिल्लाका २५ भन्दा बढी मानवअधिकार तथा सामाजिक क्षेत्रमा काम गर्ने संस्था तथा व्यक्तिको साझा सञ्जालले सोमबार विज्ञप्ति जारी गरी सो माग गरेको हो । सञ्जालका तर्फबाट संयोजक पाण्डवप्रसईले जारी गरेको विज्ञप्तिमा रामेछाप जिल्लामा समेत संक्रमण र संक्रमित भित्रि सकेकोले आइसोलेसनलाई तयारी अवस्थामा राख्न अनुरोध गरिएको छ । सञ्जालले जिल्लाका सबै पालिकाको आइसोलेसनमा मापदण्ड अनुसार अक्सिजन सहितका आवश्यक उपकरण व्यवस्था गरी तयारी अवस्थामा राख्न स्थानीय प्रशासन, स्थानीय सरकार तथा स्वास्थ्य कार्यालयको ध्यानाकर्षण गराएको छ । बाहिरबाट जिल्ला भित्रने क्रम बढेको कारण जिल्लामा हाल रहेका ३ सय ३१ क्वारेन्टि अपुग देखिएकोले आवश्यकता अनुसार जिल्लाका सबै वडा र जिल्ला स्तरमा समेत तत्काल क्वारेन्टि विस्तार गर्न पनि सञ्जालले आग्रह गरेको छ । विज्ञप्तिामा सदरमुकाम मन्थली बजारमा निषेधाज्ञाको समयमा बिहान सञ्चालन गरिने अत्यावश्यक सामाग्री बिक्रि गर्ने पसलमा सामाजिक दुरी कायम नभएको प्रति सञ्जालले ध्यानाकर्षण भएको जनाएको छ । सामाजिक दुरी प्रहरी आएर गराउने नभई व्यवसायी र उपभोक्ताले अपनाउनुपर्ने सावधानी भएको उल्लेख गर्दै सामाजिक दुरी कायम गरी खरिद बिक्रिको व्यवस्था मिलाउन टोलसुधार समिति, व्यसायी र उपभोक्ताको सञ्जालले ध्यानाकर्षण गराएको छ । त्यस्तै स्थानीय प्रशासनले बारम्बार सूचना जारी गरी सचेत गराउँदा पनि केही व्यवायीले लुकाई छिपाई तराईबाट आँप, अंगुर, स्याउ, केरा लगायतका फलफूल तथा तरकारी ल्याएर बिक्रि गर्ने गरेको पाइएको जनाउँदै त्यस्ता व्यवसायीको कारण रामेछापमा संक्रमण फैलिएमा स्थानीयवासीले माफि नदिने कुरामा सञ्जालले चेतावनी दिएको छ । आारडीटी बिधिबाट गरिने परीक्षणले गलत रिपोर्ट दिँदा समाजमा अनावश्यक अफवाह फैलाउने र मानिसमा तनाव समेत सिर्जना गरेकोले यसलाई तत्काल बन्द गरी पीसीआर बिधिबाट कोरोना परीक्षणको व्यवस्था मिलाउन पनि सञ्जालले सरोकारवालाको ध्यानाकर्षण गराएको छ ।

## रामेछापमा १ सय ८६ जना क्वारेन्टिनमा

रामेछाप । रामेछापमा क्वारेन्टिमा बस्नेको संख्या दैनिक रुपमा वृद्धि हुँदै गएको छ । जिल्लाको विभिन्न पालिकाहरुमा भारत लगाएतका विभिन्न ठाउँबाट मानिसहरु आउनेक्रम बढेसंगै क्वारेन्टिनमा बस्नेको संख्या पनि बढ्दै गएको हो । सोमबारसम्म जिल्लाको विभिन्न पालिकाहरुमा क्वारेन्टिनमा बस्नेको संख्या १ सय ८६ पुगेको छ । अहिले उमाकुण्ड गाउँपाकिलामा १५ , मन्थली नगरपालिकामा ४७ , रामेछाप नगरपालिकामा २१ , गोकुलगंगा गाउँपालिकामा २३, खाँडादेवी गाउँपालिकामा २३ , सुनापति गाउँपालिकामा ५ , दोरम्बा गाउँपालिकामा १६ र लिखुतामाकोशी गाउँपालिकामा ३६ जना गरी १ सय



८६ जनालाई क्वारेन्टिनमा राखिएको स्वास्थ्य कार्यालय रामेछापका प्रमुख जितेन्द्र कुमार कर्णले बताए । कर्णका अनुसार जिल्लाभर १ सय २९ जना सामुदायिक क्वारेन्टिन र ५७ जना होम क्वारेन्टिनमा बसेका छन् । कोरोना संक्रमणको सम्भावित जोखिमतालाई मध्येनजर गरी जिल्लामा ७१ शैयाको आइसोलेशन कक्ष र ३ सय ३१ शैयाको क्वारेन्टिन कक्ष स्थापना गरिएको छ । जिल्ला संकट व्यवस्थापन समिति रामेछापले जिल्लामा क्वारेन्टिनमा बस्नेको संख्या बढ्दै गएको भन्दै एक हप्ताभित्र प्रत्येक पालिकामा कम्तीमा एक एक सय क्वारेन्टिन बनाउँने निर्णय गरेको थियो । तर निर्णय भएको एक हप्ता पुग्नै लाग्दा पनि जिल्ला स्वाथ्य कार्यालयको तथ्यांक अनुसार कुनै पनि पालिकाले क्वारेन्टिन थप गरेका छैन् ।

## खुकुरी प्रहारबाट बालिका घाइते

रामेछाप । जिल्लाको सुनापती गाउँपालिका-५ खनियापानी कटुञ्जे निवासी १६ बर्षिय रजिता खड्कालाई गएराति सोही स्थानका २० वर्षिय कृष्ण कोइरालाले खुकुरी प्रहार गरी घाइते बनाएका छन् । कृष्णपुरी मावि रुपाकोटमा कक्षा १० मा अध्ययरत ती बालिकालाई राति एक बजेतिर ओछ्यानमा सुतिरहेको बेला आक्रमण भएको थियो । आक्रमणबाट बालिकाको घाँटीमा



गहिरो चोट लागेको छ । घाइतेलाई रातिनै उपचारको लागि काठमाडौंको न्युरो अस्पताल पुर्याइएको छ । आक्रमण गरी भागेका आरोपीको खोजि जारी रहेको प्रहरीले जनाउको छ । आक्रमण किन भयो भन्ने खुलेको छैन ।

# वाग्मती प्रदेशसभामा नीति कार्यक्रम पारित

हेटौँडा । वाग्मती प्रदेशसभाको बैठकले सरकारद्वारा आगामी आर्थिक वर्ष ०७७/०७८ को लागि प्रस्तुत गरिएको नीति तथा कार्यक्रमलाई बहुमतले पारित गरेको छ ।

मुख्यमन्त्री डोरमणि पौडेलले नीति कार्यक्रममाथि छलफलमा उठेका प्रश्नको आज उत्तर दिनुहुँदै प्रदेश सरकारले नेपालको संविधानको मार्गदर्शनलाई अवलम्बन गरी प्रदेशका जनतालाई दिगो शान्ति सुरक्षा प्रदान गर्न र राष्ट्रिय गौरवको आयोजना अघि बढाउने तथा कोरोना भाइरसको सङ्क्रमणलाई नियन्त्रण गर्नेतर्फ सुविधायुक्त अस्पतालको व्यवस्थापन गरिएको बताउनुभयो ।

उहाँले आगामी आर्थिक वर्षभित्र वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई कृषि उत्पादन, पशुपालन, र घरेलु उद्योगतर्फ आत्मनिर्भर बनाउने उद्देश्यले बजेट विनियोजित गरिएको उल्लेख गर्नुभयो ।

मुख्यमन्त्री पौडेलले वाग्मती प्रदेशको विभिन्न जिल्ला र स्थानीय निकायमा कोरोनाबाट प्रभावित नागरिकलाई निरन्तर उपचार सेवा पुर्‍याउन सरकारले उच्च प्राथमिकताका साथ विपत् व्यवस्थापनतर्फबाट रू १३ करोड बजेट विनियोजन गरी स्थानीय निकायमा वितरण गरिएको जानकारी दिनुभयो ।

उहाँले प्रदेशको भरतपुर, काठमाडौँ, पाटन, भक्तपुर नुवाकोट, सिन्धुली, रसुवा, धुलिखेल, धादिङ, हेटौँडालगायत अन्य जिल्लामा कोरोना विशेष अस्पतालमा विभिन्न उपकरण खरिद, दक्ष चिकित्सक जनशक्ति उपलब्ध गराउनुको साथै आइसोलेसन र क्वारेन्टाइनको स्थापना गर्न र मसलन्दको लागि प्रदेश सरकारको विपद् व्यवस्थापन तर्फबाट रू १७ करोड ७२ लाख रकम विनियोजित गरी कोरोना नियन्त्रणका लागि अथक प्रयास गरिएको पनि उल्लेख गर्नुभयो ।

मुख्यमन्त्री पौडेलले राष्ट्रमा आपत्कालीन चुनौतीको रूपमा रहेको कोरोनालाई नियन्त्रणमा राख्न सफल भएपछि प्रदेश सरकारले राष्ट्रिय गौरवको आयोजनाको निर्माण गर्ने र जनताको आधारभूत विकासको लागि बजेट विनियोजित गरिएको पनि स्पष्ट पार्नुभयो ।

उहाँले राष्ट्रको अर्थतन्त्रलाई अत्यन्तै प्रभावशाली रूपमा भूमिका निर्वाह गर्नसक्ने कार्यलाई प्रदेश सरकारले उच्च प्राथमिकताका साथ हेटौँडाबाट काठमाडौँ जोड्ने पोष्टबहादुर बोगटी सुरुङमार्गलाई आगामी चार वर्षभित्र निर्माण कार्य सम्पन्न गर्ने लक्षका साथ अघि बढेको उल्लेख गर्नुभयो ।

प्रदेश सरकारले कृषि उत्पादनलाई उच्चस्तरको प्रविधिबाट उत्पादन वृद्धि गर्न र कृषकबाट उत्पादित सामग्रीलाई सरकारको तर्फबाट बजारको व्यवस्थापन गर्ने र कृषकहरूले पनि आफ्नो बाँझो जग्गा जमिनमा मौसमी खेती गर्नेतर्फ चिन्तन राख्नुपर्ने सल्लाह दिनुभयोबस् । उहाँले सरकारले स्थानीय निकायसँग सहकार्य र समन्वय गरेको अघि बढ्ने गरेको र स्थानीय निकायले पनि सरकारको नीति निर्देशनलाई उपेक्षा गर्दा जनताले प्रत्यक्ष विकासको लाभ लिन र आर्थिक समृद्धितर्फ आत्मनिर्भर हुन नसकेकोमा चिन्ता व्यक्त गर्दै स्थानीय निकायहरूले अब कोरोनाको सङ्कटसँगै वैदेशिक रोजगारीबाट फर्केका युवालाई उच्चस्तरको क्वारेन्टाइन र आइसोलेसनको व्यवस्था गर्न पनि निर्देशन दिनुभयो ।

उक्त बैठकमा सत्तापक्षका प्रदेशसभाका सदस्यले कार्यक्रममा सहभागी हुनुहुँदै सरकारले ल्याएको नीति तथा कार्यक्रमलाई परिमार्जन गर्दै कोरोनाबाट प्रभावित क्षेत्रमा क्वारेन्टाइनको व्यवस्थापन र रोजगारीको लागि वैकल्पिक कार्यक्रम ल्याउनुपर्ने सुझाव दिनुभयो ।

उहाँहरूले प्रदेशको १३ जिल्लामा आइसोलेसनस्तरको अस्पताल, दक्ष चिकित्सक, स्वास्थ्यकर्मी र ११९ स्थानीय निकायमा एक/एक वटा एम्बुलेन्स सेवा उपलब्ध गराउन बजेटमा थप समावेश गर्नुपर्ने सुझाव दिनुभयो ।

उहाँहरूले सङ्घीय सरकारले नेपाल भारतको सिमानाको नक्सा सार्वजनिक गरिएको भए पनि ती भू-भाग तत्काल फिर्ता ल्याउने क्रममा मर्यादित कूटनीतिक क्षमता प्रदर्शन गर्नुपर्ने, तत्काल दुवै पक्षको बीच वार्ता गर्ने क्रममा सम्पर्क स्थापित गरिरहनुपर्ने धारणा व्यक्त गर्नुभयो । प्रतिपक्षीको तर्फबाट नेपाली काँग्रेसका संसदीय दलका नेताले प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममा कोरोनाको माहौललाई नियन्त्रण गर्ने प्रयासतर्फ दीर्घकालीन योजना र बाह्य देशमा वैदेशिक रोजगारीको क्रममा रहेका नेपालीलाई स्वदेश फर्काउन प्रदेश सरकारले पनि आफ्नो भूमिका निर्वाह गर्नुपर्ने सुझाव प्रस्तुत गर्नुभयो ।

उहाँहरूले कृषि उत्पादन गर्न केवल नाराले मात्रै पुग्दैन दीर्घकालसम्म किसानलाई निष्पक्षका साथ समेट्न सक्ने योजनालाई बजेटले समेट्न नसकेकोतर्फ सरकारको ध्यानाकर्षण गर्दै बाह्यबाट फर्केका युवालाई प्रथम चरणमा आइसोलेसन र क्वारेन्टाइनमा व्यवस्थापन गरेर उनीहरूलाई कृषि उत्पादको साथै घरेलु उद्योग र विद्युतीय क्षेत्रमा सहभागी गराउन दीर्घकालीन योजना बनाएर बजेटमा समावेश गर्न आग्रह गर्नुभयो ।

प्रदेश सरकारले आफ्नो नीति कार्यक्रममा उल्लेख गरिए अनुसारको अहिले आफ्नै स्वामित्वमा सञ्चार गृह खोल्ने र केही कम्पनी सञ्चालनमा ल्याउने भनी उल्लेख गरिएकोमा प्रजातान्त्रिक परिपाटी अनुसार असल नियत नदेखिएकोतर्फ सरकारको ध्यानाकर्षण गर्दै सरकारले पत्रकारिता क्षेत्रलाई निष्पक्ष पारदर्शीका साथ प्रेस स्वतन्त्रतालाई अक्षुण्ण राख्न प्रदेशसभाका सदस्यले सरकारलाई सुझाव दिनुभयो ।

उक्त बैठकमा प्रदेशसभाका सदस्य राधा घले, निमा तामाङ, प्रभात तामाङ, नरोत्तम वैद्य, रमेश पौडेल, विराजभक्त श्रेष्ठ, शोभा शाक्य, गणेश दुलाल, राजेन्द्र पाण्डे, मैया अछामी, रामलाल महत्तो देवकी श्रेष्ठ, कृष्णलाल भँडेल, सरस्वती बाटी, चेतनाथ संजेल, विशाल खड्का, पुकार मर्हजन, सुरेन्द्रराज गोसाई, रत्नप्रसाद ढकाल, दीपेन्द्र श्रेष्ठ नीति कार्यक्रममा सहभागी हुनुभएको थियो ।

आयुर्वेदिक उपचारको पहिलो रोजाइ
विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.
**लाइन्स चोक, नारायणगढ, चितवन**
सम्पर्क पैशा नलाग्ने टोल फि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।

बालबालिका हराएमा , बेवारिस फेला परेमा
निःशुल्क टेलिफोन नम्बर १०४ मा फोन गरौं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## अन्तराष्ट्रिय समाचार

### भारतमा कोरेना संक्रमितको संख्या दिनप्रतिदिन बृद्धि

भारतमा कोरोनाभाइरसका कारण संक्रमित हुनेहरूको दैनिक संख्यामा बृद्धि हुँदै गएको छ । अघिल्ला दिनहरूको तुलनामा पछिल्ला दिनमा संक्रमित हुनेहरूको संख्या बढ्दै गइरहेको तथ्यांकले देखाएको छ । पछिल्लो २४ घण्टामा भारतमा आठ हजार ३८० जना नयाँ संक्रमित देखिएका छन् । योसँगै भारतमा कुल संक्रमितको संख्या एक लाख ८२ हजार १४३ पुगेको अधिकारीहरूले जनाएका छन् । अघिल्ला दिनहरूमा दैनिक रूपमा संक्रमित हुनेहरूको संख्या यो भन्दा थोरै रहेको थियो । त्यसैगरी कोरोनाकै कारण मृत्यु भएकाहरूको कुल संख्या पाँच हजार १६४ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार भारतमा देशभरी ८९ हजार ९९५ जना अझै पनि संक्रमित अवस्थामै रहेका छन् भने झण्डै उत्तिकै संख्या अर्थात् ८६ हजार ९८३ जना संक्रमण मुक्त भएका छन् । तथ्यांकलाई विश्लेषण गर्दा कुल संक्रमित मध्ये ४७.७५ प्रतिशत संक्रमित निको भएर घर फर्किएका छन, एक जना सरकारी उच्च अधिकारीले भने । कुल संक्रमितहरूको संख्यामा विदेशीहरूको संख्या पनि जोडिएको मन्त्रालयले स्पष्ट पारेको छ । भारतमा दर्जनौं नेपालीहरू पनि कोरोनाभाइरसबाट संक्रमित भएका छन् । शनिबार बिहानदेखि आइतबार बिहानसम्ममा भारतमा थप १९३ जनाको मृत्यु भएको पनि मन्त्रालयले जनाएको छ । तीमध्ये सबैभन्दा धेरै ९९ जनाको महाराष्ट्र राज्यमा मृत्यु भएको छ ।

### प्रधानमन्त्री मोदीको जीवनचित्र सार्वजनिक

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको अर्को जीवनचित्र सार्वजनिक गरिएको छ । उहाँको बाल्यकालदेखिका तस्वीरहहरूको संग्रहसहितको जीवनचित्र पुस्तक शुक्रबार सार्वजनिक गरिएको हो । उहाँले भारतको प्रधानमन्त्रीका रूपमा दोस्रो कार्यकालको पहिलो बर्ष पुरा गरेको दिन पारेर पूर्व प्रधानन्यायाधीश के जी बालकृष्णन् मार्फत् यो पुस्तक सार्वजनिक गरिएको हो । कोरोना भाइरसको संक्रमण फैलिने डर भएपछि भारतमा देशभरी लकडाउन लागु गरिएकाले अनलाईन मार्फत् सार्वजनिकीकरण कार्यक्रम गरिएको थियो । पुस्तकमा मोटो गाता र इबुक गरी दुई स्वरूपमा उपलब्ध छ भने २० ओटा भाषामा बनाइएको छ । तीमध्ये दश ओटा विदेशी भाषा र दश ओटा भारत भित्रका भाषा रहेका छन् । लेखकले दिएको जानकारी अनुसार पुस्तक प्रकाशित भएका विदेशी दश भाषामा अंग्रेजी, अरबी, डच, फ्रान्सेली, इटालेली, जापानी, मन्डारिन, रूसी र स्पेनी रहेका छन् ।

### मुल्लाह उमरका छोरा तालिबान समूहको नेतृत्वमा

अफगान तालिबान समूहका संस्थापक मुल्लाह ओमरका छोरा मुल्लाह याकूबले तालिबान समूहको नेतृत्व सम्हाल्नु भएको छ । समूहका नेताहरूबीच नेतृत्वको विषयलाई लिएर सहमति जुट्न नसकेपछि याकूबलाई अन्तरिम नेतृत्व हस्तान्तरण गरिएको हो । अफगान स्रोतका अनुसार तालिबानका कतिपय बरिष्ट सदस्यहरू कोरोनाभाइरसका कारण बिरामी परेका कारणले पनि याकूबलाई नेतृत्व दिइएको हो । अफगानिस्तानका पूर्व राष्ट्रिय गुप्तचर विभागका प्रमुख रहमतुल्लाह नबिलले हाल मुल्लाह याकूबले तालिबान आन्दोलनको नेतृत्व गरिरहनु भएको दाबी गर्नुभएको छ । उहाँले समूहको कतारको दोहास्थित कार्यालयका कतिपय सदस्यहरू कोरोनाभाइरस संक्रमित भएका र उनीहरू पाकिस्तान फर्किएको पनि बताउनुभयो ।

गत फेब्रुअरीमा तालिबानसँग अमेरिकाले गरेको सम्झौताको कार्यान्वयन तथा अफगान सरकारसँगको वार्ताको महत्वपूर्ण क्षणमै तालिबान समूहको नेतृत्वमा संकट उत्पन्न भएको छ । तालिबान समूहको उच्च नेतृत्वमा कुनै किसिमको विभाजन र असहमति देखा परे कमजोर अफगान शान्तिवार्ता नै धरापमा पर्न सक्ने आँकलन गरिएको छ । अमेरिकाले तालिबानसँगको सम्झौता बमोजिम आफना सैनिक फिर्ता गर्न थालको भए पनि तालिबान र अफगान सरकारबीच शान्तिवार्ता शुरू हुन सकेको छैन । विदेशी समाचार संस्थाका अनुसार ओमरका मुख्य सहयोगी एवं महत्वपूर्ण तालिबान नेता हैबातुल्लाह अखुनजादा केही हप्तादेखि कुनै पनि बैठकहरूमा देखा पर्नु भएको छैन । उहाँको स्थानमा हक्कानी नेटवर्कका सिराजुद्दीन हक्कानीले गरिरहनु भएको छ । यो समूहको सम्बन्ध पाकिस्तानस्थित इस्लामिक स्टेटको अलकायदा समूहसँग सम्पर्क रहेको मानिन्छ । इस्लामिक स्टेटको चाहना तालिबानसँग हक्कानी नेटवर्कको सम्पर्क टुटाएर पुनः अतिवादी जिहादी क्रियाकलाप शुरू गर्नु हो । नबिलका अनुसार तालिबानको राजनीतिक कार्यालयमा परिवर्तन हुनेक्रम जारी रहेको छ । पछिल्लो समय मुल्लाह याकूब पनि तालिबानको शीर्ष नेतृत्व सम्हाल्ने गरी तयारी गरिरहनु भएको थियो । उहाँका बुबा मुल्लाह ओमरको सन् २०१५ मा निधन भएको थियो । याकूबलाई सन् २०१६ मा अफगानिस्तानका ३४ मध्ये १५ वटा प्रान्तको सैनिक आयोगको नेतृत्व गर्ने जिम्मेवारी दिइएको थियो ।

### अमेरिकामा १ लाख भन्दा बढीको मृत्यु

चीनको उहानबाट शुरू भएको ठानिएको प्राणघातक कोरोना भाइरसको महामारीबाट संयुक्तराज्य अमेरिकामा एक लाख ७ सय ६५ जना मानिसको मृत्यु भएको छ । वर्ल्डओमिटर्सका अनुसार नेपाली समयानुसार बुधबार रातीसम्म यो संख्या पुगेको हो । विश्वभर यति ठूलो संख्यामा कोरोना संक्रमितको मृत्यु भएको अमेरिका पहिलो देश हो । संयुक्तराज्य अमेरिकामा कोरोना संक्रमण गत फेब्रुअरी १५ मा पहिलो पटक देखिएको थियो । अमेरिकामा त्यस दिन १५ जनामा मात्र कोरोना पुष्टि भएको थियो । गत वर्ष सन् २०१९ डिसेम्बरको अन्त्यतिर चीनको उहानमा पहिलोपटक देखिएको कोरोना भाइरसले फेब्रुअरीसम्ममा धेरै व्यक्तिको ज्यान लिइसकेको थियो भने जनवरी २२ मा १७ जनाको मृत्यु भएसँगै उहानमा लकडाउन जारी थियो । अमेरिकामा भने कोरोना भाइरसबाट फेब्रुअरी २९ मा मात्र पहिलो व्यक्तिको मृत्यु भएको थियो । मार्च र अप्रिल महिनामा अमेरिकामा मृत्युदर अत्यन्त बढी थियो । अप्रिल १५ मा एकै दिन २६ सयको ज्यान गएको थियो । लकडाउन, सामाजिक दूरी र अन्य कडा नियमको कार्यान्वयनका कारण यद्यपी मे १२ देखि मृत्युदरमा सामान्य कमी आएको छ, र यो दैनिक एक हजारभन्दा मुनि छ । विरोधाभाष त के भने, अमेरिकामा पहिलो व्यक्तिको मृत्यु भइरहँदा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस चिनियाँ भाइरसले अमेरिकीलाई खासै असर नगर्ने बताइरहनु भएको थियो । अझ उहानलाई लकडाउनमा राखेर त्यहाँका जनताको मानव अधिकार हनन भएको आरोप उहाँले लगाउनु भएको थियो ।

पुस्तक अंश

# सुन मैयाँ ! म त जन्मादै नोकर्नी

भुवनहरि सिग्देल

मेरा छोराछोरीले मलाई सधैं यही नामले सम्बोधन गरे । मेरो वास्तविक नाम भने रोमकुमारी हो । छाछुरे भीरको उकाली चढेर देउरालीमा पुगेपछि तलको महाभीरतिर हेर्दा जसरी यात्रु कहालिन्छन्, मेरो जीवनयात्रा पनि त्यस्तै लाग्छ, मलाई । त्यो दुष्कर यात्रा कसरी पार गरें ? अहिले सम्झँदा पनि मुटु हल्लिन्छ । ती घटनाको झलकसम्म यहाँ दिन्छु, चर्चा पछि गर्नेछु ।

म नौ वर्षकी थिएँ । मेरो विवाह पुतलीखेलको ११ वर्षे बालकसँग भयो । अहिले उनको अनुहार पनि सम्झन्नँ म । मैले १२ वर्ष टेकेकी मात्र थिएँ, ती मेरा दुलाहा भनिएका केटाले अत्महत्या गरे ।

सासूबज्यै र जेठाजुका साथ पराश्रति जिन्दगी बाँच्दै थिएँ । मेरो उमेर २७ वर्ष पुग्यो । घरमा दुई वटा प्रलय पसे, हैजा र बिफर । दुइटी जेठानी र सासूबज्यैको जीवनलीला त्यही प्रकोपको चपेटामा परेर समाप्त भयो । त्यो घरमा शेष रहे राँडो जेठाजु, राँडी बुहारी म र एउटी बालक छोरी मात्र । मैले १३ वर्षकी साक्खै बहिनी मागेर ५० वर्षे जेठाजुका साथ विवाह गराउनुपर्‍यो ।

दुःखलाई सुख मानेर जिन्दगी चल्दै थियो । बहिनीको गर्भबाट ६ सन्तान जन्मे । कान्छो छोरो जन्मिएको नवौं दिनमा जेठाजु बित्नुभयो । त्यो चिल्लीबिल्ली खपियो, बेहोरियो । छोराछोरी बढे । दुई छोरा र दुई छोरीको विवाहकर्म मेरै हातबाट भयो । केही सुधार हुँदैछ भन्ने ठानियो । माइली बुहारीकी दोस्री सन्तान जन्मी तर छोरीको जन्म हुनासाथ बुहारीको परलोक भयो । जीवनमा परेका यस्ता दुःखद् घटना अहिले सम्झिन्छु, मनमा कहाली छुट्छ ।

म नेपालकी छोरी हुँ । थानकोटपारि, दहचोकको बसन्डोलमा जन्मेकी थिएँ, १९७४ सालमा । म जन्मेको गाउँलाई नेपालथोक भन्थे । त्यहाँ नेपालहरुको बसोवास थियो । यो वंश पनि मेरै जीवनझैं निभ्दै र बल्दै थियो ।

म आफ्नै दुनियाँमा पुगें । मैयाँ भनूँ या मैना पिँजराबाट निस्की र आफ्नै आकाशमा उडी । त्यो घरमा पस्नेबित्तिकै मेरा बाबा(आमाले दिनुभएको प्यारो नाम मैयाँ समाप्त भएको थियो । मेरो निजत्व थियो मैयाँ नाम ।

त्यो सहसा बदलिएर कसैकी 'नेपालकी छोरी' बनें, कसैकी 'कान्छी' हुन पुगें । जेठाजुहरुकी 'सान्दुलै' भएँ । त्यहाँ मेरो निजत्व बचेन, उल्टै छिरलियो ।

संसारमा लाखौं सम्बोधन या नाम होलान् । ती नाम मलाई प्रिय लाग्दैनन् । म सबै ठाउँमा सबैका उच्चारणमा मैयाँ नै बनूँ । तर, यो गैह्रीगाउँमा मलाई कसैले मैयाँ नामले बोलाएनन् ।

नेपालथोकका प्रत्येक वनबुटा, बडहर र नास्पातीको रुखले हरेकक्षण मैयाँ भनेर सम्बोधन गरिरहेको सुन्छु । परको पवित्रा बाँझो, पल्लोबारी, ढुंगाखन्या र ठुल्चौर मलाई मैयाँ नामले बोलाउँछन् ।

बाबाका साथमा गोठअगाडि पुग्दा सानीबैनी सान्नानी 'मेरी मैयाँ दिदी !' भन्दै मेरो कम्मरमा अँगालो मार्न आइपुगेकी थिई । मेरो समापन हुन लागेको अस्तित्वलाई मेरी बैनीले यहींदेखि पुनः उद्घाटन गरिदिई ।

आमाको अँगालोमा बाँधिएर 'प्यारी मैयाँ आई' भन्नु भएको वात्सल्य संसारभरिका मानिसले मलाई दिन सक्दैनन् । यो घरमा म घरजस्तै भएँ । भाउजूकी 'मैयाँ नानी' भएँ । मेरा दौंतरीका बीचमा म उत्रै र उस्तै भएँ । सधैं लतारेर हिँड्नु पर्ने गुन्यूचोलो नेलजस्तै लाग्थ्यो । त्यसबाट मुक्त भएर आफ्नै भोटो सुरुवाल लगाउँदा म पुतलीजस्तै हलुका भएँ ।

मेरो गलामा लगनको पोते थियो । त्यो झुत्तो लत्रेर नाइटोसम्म पुग्थ्यो । त्यो पनि मेरा लागि गलफन्दीझैं लाग्थ्यो । बलपूर्वक भिरेकी थिएँ । मैले त्यो पोते पनि झिकेर आमालाई राख्न दिएपछि कतै काँटछाँट नगरिएकी साविक कित्ता भएँ, शुद्ध मैयाँ मात्र बनें ।

गैह्रीगाउँमा बितेका सात दिन सात वर्ष लामा भएर कटे । नेपालथोकमा आएको हिजोझैं लाग्दै थियो, सात दिन बितिसकेछन् । त्यो दिन बाबाले मसित सोध्नुभयो, 'मैयाँ ! तिम्री सासूबज्यै भन्नुहुन्थ्यो( नाबालक छ । सात दिन यता र सात दिन उता गर्दै बानी लगाउनुपर्ला ! सात दिन भइसक्यो । के गर्ने मैयाँ ?'

'त्यो घरमा मेरो कामै छैन । म जान्नँ बाबा !' म फन्कें ।

'ठीकै छ, अहिले नजाऊ ! म छोरीको बाबु भएँ । भोलि मलाई नै दोष आउँछ । म आफैं गएर केही दिन उतै बस्छे भनेर मुख मिलाउनुपर्छ । मैले के भन्ने ?' बाबा यस्ता कुरा गर्दै हुनुहुन्थ्यो ।

आमाले भन्नुभयो, 'आफैं गएर बिन्ती गर्नैपर्छ । अहिले केही समय उतै बस्छे भने भइहाल्यो नि ! उहाँहरु पनि कुरा नबुझ्ने मानिस होइन क्यारे ।'

कुरा सल्टियो । म उता नजाने भएँ । बाबा गएर कुरा मिलाउनुभयो । समय बित्न थाल्यो । दिन, महिना बने, महिनाले बर्खा शुरु गरे । अब दशैंमा मात्र फर्किने भएँ म ।

हिजोजस्तो लाग्दै थियो, पाँच महिना बितेको पत्तै भएन । घटस्थापनाकै दिन बाबा मलाई पुर्‍याउन जाने हुनुभयो । कोसेली भनेर एक डालो सेल पकाउनु भयो, आमाले । डालो बोकाएर न्याउरी दिदीलाई लैजाने सल्लाह भएकाले हाम्रै घरमा खाना खाने गरी उनलाई बोलाइएको थियो । यसरी चाँडै बोलाउनु पर्ने कारण उनले तरकारी केलाउन र भाँडाकुँडा सफा गर्न मद्दत गर्थिन् ।

बिचरी न्याउरी, यसैबेला ऊ कमारीबाट मुक्त भएकी थिई । राजाले कमारा(कमारी प्रथा निर्मूल भएको घोषणा गरे रे । कमारा(कमारी किन्नमा रैतीले खर्च गरेको रकम राज्यकोषबाट भुक्तानी दिने पनि व्यवस्था भयो रे ।

न्याउरी पहिले उमाकान्त रुपाखेतीकी कमारी थिई । उमाकान्तले कमारी किनेको खर्च बुझेर लिए । कमारा(कमारी जतिलाई राज्यले अमलेखगञ्जमा पुनर्वास गराउने निणर्य पनि सार्वजनिक गरेको थियो रे । यसरी सित्तैंमा पाइने जग्गा लिन पनि न्याउरीले चासो देखाइन ।

उसको लोग्ने पनि थियो । न्याउरीकै नाताले होला, उसलाई न्याउरे भन्थे । यिनका बूढाबूढी हाम्रो समाजमा यति धेरै भिजिसकेका थिए, त्यसका तुलनामा अमलेखगञ्जको जग्गा मूल्यहीन भयो, न्याउरीलाई ।

हुन पनि, कसैका सुत्केरी स्याहार्नुपर्‍यो न्याउरी, लोकन्ती, कलस्यौली जानुपर्‍यो न्याउरी, कसैका इष्ट आफन्त मरेर बिचार बोक्नुपर्‍यो न्याउरी, छोरीचेलीलाई कोसेलीपात पुर्‍याउनुपर्‍यो न्याउरी, जूठो सुत्केरोका कपडा धुनुपर्‍यो न्याउरी नै थिई ।

जुन काम गर्दा आफू अपमानित, अपहेलित बन्नुपरेको सोच पाल्ने त्यो जमानामा अरुले नगर्ने त्यस्ता काम न्याउरीकै भागमा पर्थे । यस्तै काम पहिले पनि उसले गरेकै थिई, अब गर्नुपर्दा उसलाई के अप्ठ्यारो ? यस्तै वृत्तिबाट आफ्नो जिन्दगी चल्छ भन्ने कुरा न्याउरीले सोचिहोली । ऊ अमलेखगञ्ज गइन । न्याउरीले सयौंका व्यवहार देखेकी थिई । के र कुन व्यवहार राम्रा या नराम्रा भन्ने पाठ उसले समाजमा पढेकी थिई । कोसँग कसरी बोल्नुपर्छ ? मर्यादा के ? चरित्र के ? पुरुषका कर्तव्य के ? नारीको स्थान कुन ? यी जम्मै कुराको ज्ञान न्याउरीलाई थियो । न्याउरीलाई जिम्मा दिएपछि त्यो काम फत्ते भयो भन्ने विश्वास समाजमा थियो । त्यसैले न्याउरी सबैकी कामप्यारी थिई ।

चाडपर्व आउँदा न्याउरी सबैका दैलामा पुग्थी । मानामुठी सबैले दिन्थे । ती दुई जनाको चाडपर्व मजाले चल्थ्यो । हाम्री आमाले दशैंको नवमीमा तिनलाई डाकेर मासुभात खुवाउनु हुन्थ्यो । तिहारका सेलरोटी न्याउरीका निम्ति भाग लागेर बस्थे । त्यसैले न्याउरी दयापात्र पनि ठानिन्थी, दाहिने हात पनि मानिन्थी ।

त्यो बिहान आमाले फर्सीका मुन्टा कताबाट ल्याउनु भएको थियो कुन्नि, उसलाई दिनुभयो । न्याउरी आउनेबित्तिकै मझेरीको चकटीमा बसेर केलाउन लागी । म र भाउजू पनि त्यतै थियौं । म लामो समयसम्म घर नगएको कुरा शायद न्याउरीलाई चित्त बुझेको रहेनछ ।

मतिर हेरेर न्याउरीले भनेका कुरा म झल्झली सम्झन्छु, आज । उसले भनी, 'मैयाँ नानी ! त्यो पिर्कामा बस !' उसले देखाएको पिर्कामा टुस्स बसें म ।

'सुन मैयाँ ! मेरा कुरा ध्यान दिएर सुन ! छोरीले खाएको राम्रो घर । छोराले खाएको राम्रो शहर । मर्दले गरेको ठहर । बेलैमा दाएको बहर । मौसममा चलेको नहर । प्रष्ट खुलेको प्रहर । यसबाट अहित हुँदैन । उज्यालो हुँदै मानिसले सोच्नुपर्छ, भरे रात पनि पर्छ भनेर । तिमी सानी छ्यौ । अहिले सबै कुरा बुझ्दिनौ । यो न्याउरी बूढीले यस्ता कुरा गरेकी थिइन् भनेर जिन्दगीभरि सम्झिने छौ ।

मलाई हेर मैयाँ ! म मानिस होइन जन्मिँदै नोकर्नी थिएँ । म बुझ्ने भएँ तर नोकर्नीकै कर्तव्य बुझें । आधा ढाड नांगो हिँड्दा पनि मलाई लाज भएन । सयौंको जूठोपुरो खाएँ तर घीन भएन । यथार्थ कस्तो भयो भने मैयाँ ! म नांगो हुँदा पनि मेरो इज्जत गएन ।

हर छोप्नेका इज्जत लिलाममा चढेको पनि देखें । सयौंको जूठो खाँदा तिनका बुद्धिजति मैले निलेंछु । दुर्गुण जति तिनले आफ्ना गाँसमा खाए । पढेका पण्डित व्यवहारमा असफल भए । नपढेकी न्याउरी पण्डित्नी भई ।

मैले दुनियाँ देखिसकेकी छु । थोरै दुनियाँले मात्र मलाई देखेको होला । मलाई जसले किन्यो, ऊ मालिक नै थियो । अहिले सरकारले मलाई निखन्यो ।

उही मालिकलाई रु. २००र(को थैली बुझायो । यसबाट मालिकले एक खला खेत किन्यो र झनै ठूलो मालिक बन्यो । न्याउरीको हातमा सुन्ना, यो हिजोजस्तै खोप्रामै बस्छे । अझ पनि न्याउरी जूठोपुरोमै बाँचेकी छे ।

यो बूढीले के भनी, त्यो कुरा अहिले नभए भोलि अवश्य नै बुझौली । आमा परी राँडमा, छोराछोरी भैंमा न भाँडामा । अरु सिग्देलका व्यवहारमा म गएकी छु । तिनका व्यवहार पनि बुझेकी छु । तिम्रो बिहे भएको घरमा म गएकी छैन तर कुरा बुझिहाल्छु ।

त्यो परिवारमा ठूलै समस्या आउने सम्भावना छ । पण्डित पात्रो हेरेर जोखाना गर्छन्, म व्यवहार हेरेर जोखाना गर्छु । त्यो घरको व्यवहारमा तिमीले डटेर खट्नुपर्छ, पछि हट्यौ भने दुःख पाउँछ्यौ मैयाँ ! विचार गर !'

त्यो बसाइमा न्याउरीले अरु पनि धेरै कुरा भनेकी थिई । धेरै वर्षअघिको कुरा, बालमनले आशयअनुसार यत्ति मात्र सम्झिन सक्यो । न्याउरीका कुरा आमा पनि ध्यानपूर्वक सुन्दै हुनुहुन्थ्यो, भन्नुभो, 'न्याउरी ! यो बिचराले तिम्रा सबै कुरा सम्झिन सक्दिन । मलाई पनि तिम्रा कति कुरामाथि घोत्लिनुपर्छ । अरुले त तिमीलाई कमारी मात्र देख्लान् न्याउरी, म भने व्यवहारसिद्ध आइमाई भनेर पहिल्यैदेखि चिन्छु ।'

आमाका कुरा सुनेपछि न्याउरी हाँसेकी थिई । न्याउरीको अनुहार उसै राम्रो थिएन । यसरी हाँस्दा पनि ऊ राम्री देखिइन । गालाभरि फोकाजस्ता दाग थिए । ती समयका दाग थिए भन्ने कुरा धेरैपछि मात्र मैले बुझेकी थिएँ ।

अझै भद्दा अनुहार देखिन्थ्यो, उसको । उसका खबटे दाँत फोहोरी थिए । उसै पनि कालो रङकी न्याउरी भूतजस्तै देखिन्थी । हामीले सधैं देख्ने भएर मात्र हो, कुनै नयाँ ठाउँमा एक्लै( दोक्लै बालकले देख्ने हो भने पक्कै डराएर भाग्दा हुन् ।

उसले आमालाई भनी, 'कान्छी बज्यै ! श्रीनाथ बालाई सबैले झुराउँछन् किनभने उहाँ मसिनो बोल्नुहुन्छ, कसैलाई नबिझाउने गरी बोल्नुहुन्छ । जसले जे भने पनि कुरा खस्रा मीठा र रोटी चिल्लै मीठा हुन् । आफ्ना बच्चा कसलाई प्यारो लाग्दैन ? तर, बच्चाका होचीअर्घेली बुझेर बाबु(आमाले व्यवहार गर्नुपर्छ । कान्छा बाजेसँग यो बानी छैन बज्यै । विचार गर्नु होला यो बानी हानिकारक पनि हुनसक्छ ।'

आमाले भन्नुभो, 'न्याउरी तिमी सम्झाइदेऊ न बाजेलाई ।'

'ज्योतिष जोखाना हेर्ने कान्छा बाजे छन्, वनमाली पण्डित छन्, वेणिदत्त गुरु छन् । यति ठूला पण्डितका घरमा जान छाडेर यो न्याउरी कमारीसित को सल्लाह गर्न आउँछ बज्यै ? मेरा कुरालाई सबैले कमारीका ठट्टा मान्छन् ।'

न्याउरी बूढीले त्यो बिहान पढेर नजानिने रहस्यमय विद्या पढाएकी थिई । अहिले सम्झिन्छु र थकथक लाग्छ, न्याउरीका उपदेश प्रत्येक छोरीका घरमा कोसेली पठाउन सकेको भए ?

मैले घरमा लिएर जाने, उही न्याउरीले बोकेर जाने डालामा आमाका सीपले बनेका मीठा कोसेली मात्र भरिएका थिए ।

मध्यान्ह कटेको हुँदो हो । फेरि अमिलो मुख लगाएर म माइतबाट घर जान निस्कें । फेरि सान्नानी मेरो कम्मरमा झुत्तिएर रोई । त्यसपछि बाबा हुनुहुन्थ्यो । तीन जनाको साइत राम्रो हुन्न भनेर न्याउरी साथमा आइन, पछि आउने भई ।

बाबा र म गैह्रीगाउँमा पुग्यौं । सासूबज्यै पिँडीको सुकुलमाथि बस्नु भएको थियो । हामीलाई देखेपछि सुकुलबाट उठ्नुभयो । बाबालाई सुकुलमा बस्न अनुरोध गर्नुभयो । आफू परको चकटीमा बस्दै भन्नुभो( 'होइन, कान्छा नेपालले छोरीलाई माइतमै पाल्ने भए कि कसो भन्ने लागेको थियो । कसरी घर सम्झी यसले आज ?'

बाबाले हात जोड्नुभयो, 'यो हजुरकै नासो हो । कच्चा अबला छ भनेर केही ओथाएका हौं । रिसानी नहोस् । हजुर आफैं यति ठूलो व्यवहार धानेर, दुनियाँ बुझेर बस्नु भएको छ । म के भनूँ ?'

'सबैको व्यवहार यस्तै हो । चलन पनि उस्तै हो । म पनि आठै वर्षमा भित्रिएकी हुँ । अरु तीन वटी बुहारी पनि यो घरमा पस्न आउँदा कसैले पनि नौ वर्ष कटेका थिएनन् । हामी बाघ होइनौं । खोइ तिनलाई खाएनौं । के नेपालकी छोरीलाई सबै मिलेर क्वाप्पै खान्थौं होला त ?' बज्यैका कुराले बाबा नाजवाफ हुनु भयो । म बलेसीमा ठिंग परेर उभिएकी थिएँ । मतिर हेरेर बज्यैले भन्नुभो, 'के टोलाएकी ? जा लुगा फेरेर आ !'म लुमुक्क परेर माथि मटानमा गएँ । घरमा अरु कोही पनि थिएनन् । लुगा राख्ने एउटा सन्दुस बाबाले बनाउन लगाउनु भएको थियो । तिहारअघि नबन्ने खबर सिकर्मीले गर्‍यो भन्नुहुन्थ्यो । मेरा बिहेका सबै लुगा मटानको भित्तापट्टी डोरीमा जस्तातस्तै झुण्डिएका थिए । यो सालको दशैंका लुगा भनेर बाबाले एकजोर राम्रो सारी चोलो ल्याइदिनु भएको थियो ।

गजल/कविता

## सिमाना



कृष्ण बोगटी काका
धुम्बाराही –४, काठमाण्डौ
हालः चक्रबहिल –१२, ललितपुर

सिमानको रक्षा गर्ने तराईको जनता
सिमानामा मर्ने पनी दुखी गरिब जनता
देशको रक्षा गर्नेलाई सम्मान गर्नुपर्ने
तिनकै राहत पचाएर भ्रष्ट घर भर्ने ।

सिमानामा मर्नेपनी हाम्रै दाजुभाई
नेतामन्त्री कुर्षीमात्र ताक्ने कसो गर्ने भाई
कुर्षिभन्दा ठूलो यहाँ छैन भन्छन नेता
दुखीगरी ज्यान बचाउन जानु अब कता ।

साचै देश प्रेमी नेता भए विदेशी किन ताक्थे
आफ्नै बुद्धी बलले देश राम्रोसंग हाक्थे
आन्तरिक माम्ला हाम्रो विदेशीलाई भन्ने
विदेशी कै ईसारामा रैछन प्र.म. बन्ने ।

हाम्ले संविधान बनायो नेपालीलाई भनी
केको चासो भारत चिनलाई बोल्न कनी कनी
भारतको लागी संविधान हाम्ले लेख्या हैन
हाम्ले ल्याको संविधानमा टाँङ अडाउन पाइन्न ।

हाम्ले संविधान हाम्रै लागी भनी लेख्यो
भारती शासकले उस्कै भनी देख्यो ।
तिम्रो संविधानमा जे लेख हाम्लाई मतलब छैन
हाम्रो संविधानमा तिम्लाई चासो हुनु भैन ।

## अख्तियार

अख्तियारले ठूलै माछा समातेछ हेर
बाणिज्य विभागको सुब्बा फसी हाले फेर
भ्रष्ट नेता मन्त्री धेरै छन नेपालमा हेर
एककप चिया खानेलाई अख्तियार फसाउँछ फेर ।

अर्बौं खाने मन्त्रीलाई हुने आँट गर
त्यसैले नै अख्तियारको इज्जत बढछ हेर
माफियाको साथ दिने बालुवा टार खाने चोखो
खाजा खाने कर्मचारीलाई अख्तियारले छोको ।

सम्पत्ती सुद्दिकरण अख्तियार पनि डरायो
न्यायालय झनै कमजोर नेताको खल्तिमा हरायो ।
देशद्रोही भ्रष्टाचारी नछुने अड्डा अदालत
अख्तियार भुसुना मार्ने नेता भ्रष्टाचार गर्ने ।

भ्रष्टाचारी पाल्ने अख्यितार किन पाल्ने
देशलाई डुवाई कर खानेलाई न्यायालयले पाल्ने
असक्षम न्यायाधिस नेपालमा धेरै
गरिबको कोखमा जन्मलिनु गल्ती पनि मेरै ॥

नेता भए भ्रष्टाचारी कसैले केही गरेन
नेपालमा इज्जतद्धारको कसैले कदरै गरेन
ललिता निवास खानेलाई टुडीखेलमा झुण्डाउ
३३ केजी सुन खाने बलात्कारी पनी झुण्डाउ ।

डा. जेवि पाठक
शितल होमियोप्याथिक फार्मेसी
लायन्सचोक, नारायणगढ

हामीकहाँ विशेष गरी विना अप्रेशन पाईल्स, फिस्टुला, शरीरमा भएको ट्युमर, मूसा (Warts), मृगौलाको पत्थरी, एवं बाथ, दम, ग्यास्ट्रीक, अल्सर, टन्सिल, बारम्बर रुघाखोखी लागि राख्ने, कपाल झर्ने, महिलाहरुको महिनावारी समयमा नहुने, सेतो पानी बग्ने, एवं छाला सम्बन्धी विविध रोगहरुको सफलतापूर्वक उपचार गरीन्छ ।

(विरामी जाँच्ने समय ः विहान ११ वजे देखि साँझ ६ वजेसम्म)

# उडान सञ्चालनयोग्य अन्तर्राष्ट्रिय विमानस्थल

काठमाडौं । कोभिड १९ को प्रभावले दुई महिनादेखि व्यावसायिक उडान हुन नसकेको मुलुकको एकमात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल शीघ्र सञ्चालन योग्य भएको छ । मुलुकमा जारी बन्दाबन्दी र त्यसपछिको सामान्य अवस्थामा विमानस्थलको आन्तरिक र अन्तर्राष्ट्रिय उडान सञ्चालनका लागि सामाजिक दूरी कायम हुने गरी नयाँ संरचना तयार गरिएको हो ।

विमानस्थलको तीन सय मिटर धावनमार्ग विस्तारसँगै कोभिड १९ को सङ्क्रमण फैलन नदिन सामाजिक दूरी कायम हुने गरी संरचना तयार गरिएको विमानस्थलले जानकारी दिएको छ । विमानस्थलको भौतिक संरचना तथा कोभिडको जोखिम नियन्त्रणका लागि अपनाइने नयाँ संरचनाबारे आज विमानस्थलले सञ्चारमाध्यमलाई स्थलगत अवगत गराएको थियो । विमानस्थलको धावनमार्ग विस्तारदेखि सामाजिक दूरी कायम गर्न दुबैतर्फका उडानको टर्मिनल भवनमा बनाइएको नयाँ संरचनाबारे विमानस्थलका महाप्रबन्धक देवेन्द्र केसीसहितको प्राविधिक टोलीले विभिन्न सञ्चारमाध्यमका सञ्चारकर्मीलाई जानकारी गराउनुभएको थियो । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) र आइकाओको मापदण्डमा रहेर विमानस्थल सञ्चालन गर्दा अपनाउनुपर्ने सावधानीबारे आवश्यक तयारी गरेको हो । विमानस्थलको आन्तरिक र अन्तर्राष्ट्रिय टर्मिनल भवनमा यात्रुको स्वास्थ्य सुरक्षाका लागि सामाजिक दूरी कायम गरिएको छ । यात्रुका लागि अन्तर्राष्ट्रियको टर्मिनलको ट्रली हलमा डेढ मिटर दूरी कायम गरिएको छ । सेवामा खटिने कर्मचारीको स्वास्थ्य सजकताका सबै मापदण्ड बनाइएको छ । बन्दाबन्दीपछि अन्तर्राष्ट्रिय विमानस्थलको सेवा कसरी सञ्चालन गर्ने भनेर आवश्यक तयारी गरिएको विमानस्थलका महाप्रबन्धक देवेन्द्र केसीले बताउनुभयो । सम्भवतः सरकारको निर्णयअनुरुप एक साताभित्रै हवाई उद्धार उडानमार्फत विभिन्न मुलुकमा अलपत्र परेका नेपालीलाई घर फर्काउनेछ । त्यसका लागि विमानस्थलले अपनाउनुपर्ने आवश्यक सतर्कता र सबैखाले तयारी गरिएको महाप्रबन्धक केसीले बताउनुभयो ।

बन्दाबन्दीको अवस्थामा विमानस्थलको धावनमार्ग विस्तारको काम पनि सकिएको विमानस्थलले जनाएको छ । विमानस्थलको पुरानो तीन हजार मिटर धावनमार्गलाई विस्तार गरी तीन हजार ३०० कायम गरिएको छ । विमानस्थलको दक्षिणतर्फ तीन सय मिटरको धावनमार्ग निर्माण गरिएको हो । विस्तार भएको धावनमार्गमा अब रनवे र एप्रोच लाइटिङको काम मात्रै बाँकी छ । यसले अन्तर्राष्ट्रिय उडान सहजताका साथै हवाई सुरक्षाको सुनिश्चितता हुने विमानस्थलको भनाइ छ ।

विमानस्थलको धावनमार्गको दक्षिणतर्फ (कोटेश्वर क्षेत्र) रनवे जिरो( ट्र विस्तारको काम भएको हो । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) अन्तर्गतका हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाले धावनमार्ग विस्तारको काम गरेको हो । आयोजनाका सूचना अधिकारी दीपेन्द्र श्रेष्ठले विमानस्थलको धावनमा मार्ग विस्तारपछि उडान अवतरणका लागि सहजता आउनाका साथै अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन ( आइकाओ) को मापदण्ड पूरा हुने बताउनुभयो । यसले विमानस्थलको सेफ्टी स्ट्यान्डर बढ्नाका साथै हवाई सुरक्षाको सुनिश्चिता भएको उहाँले उल्लेख गर्नुभयो ।


एशियाली विकास बैंकको सहयोगमा सन् २०१३ देखि नै ठेक्का प्रक्रिया चलेको भए पनि बीचमा ठेकेदारको लापर्वाहीले केही ढिला गरी आयोजना सम्पन्न भएको श्रेष्ठले बताउनुभयो । तीन सय मिटर धावनमार्ग विस्तारका लागि मूल्य अभिवृद्धि करबाहेक रु ८० करोड बजेट खर्च भएको आयोजनाले जनाएको छ ।

विगत आठ वर्षदेखि थाती रहेको धावनमार्ग विस्तारको काम सम्पन्न भएको विमानस्थलका महाप्रबन्धक केसीले बताउनुभयो । बन्दाबन्दीको अवस्थामा जहाजको गतिविधि कम भएपछि निर्माणमा सहजता आएको थियो । झण्डै दुई महिनामा यो काम सकिएको छ । धावनमार्ग विस्तारपछि अन्तर्राष्ट्रिय उडानका जहाजलाई उडान अवतरणमा सहजता हुने विमानस्थलका महाप्रबन्धक केसीले बताउनुभयो ।

कोभिडको महामारीकै सन्दर्भमा सामाजिक दूरी कायम गरेर विमानस्थल सञ्चालनका तयारी भइरहेको छ । त्यसो त बन्दाबन्दीको अवस्थामा पनि अन्तर्राष्ट्रिय विमानस्थलमा दैनिकजसो चार्टर र कार्गो उडान भएका छन् । विमानस्थलका महाप्रबन्धक केसीले सरकारले विमानस्थल सञ्चालनको सूचना जारी नगर्दासम्म सम्पूर्ण स्रोत साधन प्रयोग गरेर सञ्चालनको तयारी भइरहेको बताउनुभयो ।












जनआकाश मिडिया प्रा.लि.का लागि प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस